जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २३, २०७७ साल फागुन ७ गते शुक्रबार, नेपाल संवत् ११४१ (Feb. 19, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## कोरोनाको उत्पत्ति वुहानमै

काठमाडौं । वुहानको सामुद्रिक खाना राखिएको बजारमा कोरोना संक्रमण फैलिएको अनुमान गरिएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । विश्व स्वास्थ्य संगठनका विशेषज्ञ अधिकारीहरूले चीनको वुहानमा पुगेर गरेको अनुसन्धानबाट यो देखिएको उनीहरूले जनाएका छन् ।

कोभिड भने अन्यत्र कतै उत्पत्ति भएको तर, त्यही सामुद्रिक खाना तथा तरकारीहरूको बजारबाट यो विस्तार भएको अनमान गरिएको विश्व स्वास्थ्य संगठनका अधिकारीहरूले दिएको प्राप्त समाचारमा जनाइएको छ । चीनको बाँकी ८ पेजमा

## कांग्रेस महाधिवेशन भदौमा

काठमाडौं । कांग्रेसले पार्टीको १४औं महाधिवेशन भदौ ७ देखि १० गतेसम्म काठमाडौंमा गर्ने निर्णय गरेको छ । बिहीबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमितिको बैठकले १४औं महाधिवेशनको कार्यतालिका तय गरेको हो ।

बुधबार महामन्त्री पूर्णबहादुर खड्काले बैठकमा पेस गरेको प्रस्तावमा छलफल गरी तल्ला तहको अधिवेशनको कार्यतालिका केही फेरबदल गरेको र केन्द्रीय महाधिवेशन ७ देखि १० भदौसम्म काठमाडौंमा गर्ने निर्णय भएको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिए । बाँकी ८ पेजमा

# ओलीको तीन वर्ष : संविधान र शासन प्रणाली नै धरापमा

काठमाडौं । २०७४ फागुन ३ गते दोस्रो पटक नेपालका प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले आफ्नो तीन वर्षे कार्यकाल पूरा गरेका छन् । मुलुककै इतिहासमा शक्तिशाली प्रधानमन्त्री बन्ने अवसर पाएका ओलीले आफ्नो तीनवर्षे कार्यकालका उपलब्धिहरूको फेहरिस्त सार्वजनिक गरिसकेका छन् । तर उनले प्रस्तुत गरेको आफ्नो कार्यकालको उपलब्धिको विवरण जनआकांक्षाको तुलनामा नगन्य छन् । यसलाई प्रधानमन्त्री ओलीले आफैंले स्वीकारेका छन् । उनले भनेका छन्- 'जुन आर्थिक वर्षलाई मैले समृद्धिको आरम्भ वर्षको रुपमा प्रस्तुत गरैं, त्यसै वष म बिरामी परैं, जुन वर्ष विकासको कामलाई हामीले तीव्रताका साथ अघि बढाउनु थियो, त्यसै वर्ष कोभिड १९ को महामारीले हामीलाई अत्यायो, जतिखेर राष्ट्र एक भएर महामारीका विरुद्ध जुध्नु थियो, त्यही समय मेरा सहकर्मीहरू सरकार कसरी ढाल्ने भन्ने उद्यममा ज्यानै फालेर लाग्नुभयो, यसले निश्चय नै हाम्रा सफलता र सपनामाथि प्रहार भएको छ ।'

राजनीतिक स्थिरता र दुईतिहाई नजिकको बहुमत पाएका प्रधानमन्त्री ओलीले चाहेको काम गर्न सक्ने वातावरण बनेको थियो । मुलुकलाई सुशासन र विकास दिन कहीं कतैबाट छेकबार थिएन । सरकार सञ्चालन र भौतिक पूर्वाधारका काम गर्न स्रोतको अभाव पनि खड्किएको थिएन । आम सर्वसाधारण ओलीकै पक्षमा थिए । विकासका सवालमा प्रतिपक्षले पनि अवरोध गरेको अवस्था थिएन । सबैतिर सकारात्मक पाटो देखिएकाले ओलीलाई काम गरेर इतिहास रच्ने ठूलो मौका थियो । तर विडम्बना मान्नुपर्छ प्रधानमन्त्री ओलीले तीन वर्ष लामो कार्यकालको सदुपयोग गर्न सकेनन् । उनी असफल हुँदा मुलुकले पनि सुवर्ण अवसर गुमाएको छ । यसको अर्थ तीन वर्षमा उनले कुनै कामै गरेनन् भन्ने होइन । उनले प्रस्तुत गरेको तथ्यांक पनि मिथ्या होइन । तर बलशाली सरकारले जुन गतिमा काम गर्नुपर्ने थियो, त्यो हुन नसकेको मात्र हो । ओलीको तीन वर्षे कार्यकालमा विकास र सुशासनका काम समयको गतिभन्दा



अगाडि बढेर हुन सकेका छैनन् । कछुवा गतिमा भएका सीमित विकासले मात्र पुग्दैन । नेपालजस्तो गरिब मुलुकका लागि विकासको बेग तीव्र हुनुपर्थ्यो । दुईतिहाई बहुमत नजिकको शक्तिशाली सरकारप्रति आम नागरिकको अपेक्षा यस्तै थियो ।

प्रधानमन्त्री ओलीले आफ्नो तीन वर्षे कार्यकाललाई २३ पृष्ठ लामो तथ्यांकमार्फत प्रस्तुत गरे पनि त्यो वास्तवमै जनअपेक्षा अनुसारको हुन सकेको छैन । प्रधानमन्त्री ओलीले काम गर्न नसकेका दुर्बल पक्षलाई फेहरिस्तमा ठाउँ दिएका छैनन्, सरकारको सबल पक्षलाई मात्र उजागर गरेका छन् । उनले आफ्नो तीनवर्षे कार्यकालमा औसत साढे ५ प्रतिशतका दरमा आर्थिक वृद्धि भएको गर्वका साथ बताएका छन् । माओवादी द्वन्द्वका एकाध वर्षबाहेक यही प्रतिशतमा आर्थिक वृद्धि भएको छ । ५ प्रतिशत आर्थिक वृद्धि हुन ओली प्रधानमन्त्रीको कुर्सीमा बसिरहन पर्दैन, मनसुन राम्रो भए ५ प्रतिशत वृद्धिदर सधैं हुने गरेको छ । राजनीतिक अस्थिरता र जोकोही प्रधानमन्त्री भएका बेला पनि यस्तो नतिजा आएको पाइन्छ ।

विकासका कामका रुपमा हेर्दा ओलीले मुलुकमा निर्माणाधीन आयोजनाहरूलाई निरन्तरता दिनेभन्दा भिन्न काम गर्न सकेका छैनन् । उनको कार्यकालमा अधिकांश आयोजना समयक्रमसँगै बनिरहेका छन् । सरकारले राष्ट्रिय गौरव घोषणा गरेर निर्माण प्राथमिकतामा राखेका आयोजना हेर्दा पनि काम कसरी सुस्त गतिमा भएको छ भन्ने स्पष्ट हुन्छ । राष्ट्रिय गौरवका करिब दुई दर्जन आयोजनामध्ये एउटा आयोजना पनि ओलीको तीनवर्षे कार्यकालमा सम्पन्न हुन सकेको छैन । उनले तीन वर्षमा भएको केही प्रतिशतको कामलाई उपलब्धि भन्दै प्रस्तुत गरेका छन् । प्रधानमन्त्रीले तीन वर्ष अवधिमा संघ, प्रदेश र स्थानीय तहसहितका निकायबाट ५ हजार चार सय ९८ किलोमिटर कालोपत्रे सडक निर्माण भएकोदेखि झोलुंगे पुल निर्माण भएको र तुइन हटाइएको विषयलाई पनि उपलब्धिका रुपमा व्याख्या गरेका छन् । निर्माण कार्य सुरु मात्रै भएका परियोजनादेखि अध्ययनकै क्रममा रहेका आयोजनालाई समेत उपलब्धिका रुपमा जोडतोडले प्रस्तुत गरेका छन् । तीन वर्षको अवधिमा विद्युत् उत्पादन ३ सय ३३ मेगावाट थप भएको विषय होस् वा प्रसारण लाइन विस्तारको प्रसंग, उनले सबै समेटेका छन् ।

तीन वर्षमा ८९ नयाँ कानुन निर्माण भएकोदेखि भूकम्पपछिको पुनर्निर्माण सम्मलाई उनले उपलब्धिका रुपमा व्याख्या गरेका छन् । रानीपोखरीदेखि धरहरासम्मको पुनर्निर्माण होस् वा सरकारी कार्यालयहरूदेखि निजी आवास निर्माण भएको प्रगतिलाई आफ्नो सफलताको रुपमा प्रस्तुत गरेका छन् । यो आर्थिक वर्षको पहिलो ६ महिनाको शोधनान्तर वचन १ सय २४ अर्ब पुगेको देखी राजस्व बाँकी ८ पेजमा

## भारतीय किसानले पारे रेल सेवा ठप्प

काठमाडौं । नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टीको सरकारले ल्याएका कृषि कानुनको विरोधमा भारतीय किसानहरूले बिहीबार देशभरका रेलसेवा चारघन्टा ठप्प पारेका छन् । भारतीय सञ्चारमाध्यमका अनुसार किसानहरूले पन्जाव, हरियाणा, उत्तरप्रदेश, राजस्थान, महाराष्ट्र, पश्चिम बंगाल लगायत राज्यमा बिहीबार १२ बजेदेखि ४ बजेसम्म रेल सेवा अवरुद्ध पारेका हुन् ।

कानुन फिर्ता लिन सरकारलाई दबाब दिन उद्देश्यले देशव्यापी रुपमा 'रेल रोको' आन्दोलन आयोजना गरिएको किसान संयुक्त किसान मोर्चाले जनाएको छ । आन्दोलनका क्रममा देशभरका विभिन्न रेल स्टेशन तथा रेल मार्गमा किसानले प्रदर्शन गरेका थिए- '६ महिनादेखिको विरोधका क्रममा बिहीबार गरिएको आन्दोलन तेस्रो ठूलो भएको बताइएको छ ।

बिहीबारको प्रदर्शन शान्तिपूर्ण भएको भारतीय रेल सेवाले जनाएको छ । 'रेल रोको' आन्दोलन कुनै अप्रिय घटनाबिना सकिएको छ । देशव्यापी भनिएको आन्दोलनको कम मात्रै असर पर्‍यो- भारतीय रेल सेवाले भनेको छ । रेल सेवा पूर्ववत रुपमा सञ्चालनमा आइसकेको जनाइएको छ ।

यसअघि रेलसेवाका महानिर्देशक अरुण कुमारले 'आन्दोलनकारीलाई शान्तिपूर्ण रुपमा विरोध जनाउन आग्रह गरेका थिए । उनले पन्जाव, हरियाणा, उत्तर प्रदेश मध्य प्रदेश लगायत राज्यमा थप सुरक्षाकर्मी परिचालन गरिएको बताएका थिए । किसान आन्दोलन कमिटीले शान्तिपूर्ण रुपमा उत्रन किसानहरूलाई आग्रह गरेको थियो । भारतमा पछिल्लो समय किसान आन्दोलन चर्किंदै गएपछि मोदी सरकार आन्दोलनका समर्थकहरूप्रति आक्रामक बनेको छ । यसै क्रममा फेब्रुअरी १३ मा जलवायु अभियन्ता दिशा रविलाई पक्राउ गरिएको बाँकी ८ पेजमा

## निर्वाचन आयोगको अलमल

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा गत पुस ५ गते राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभा विघटन गरेपछि वैशाख १७ र २७ गते निर्वाचनको घोषणा गरिएको थियो । घोषणा गरेअनुसार निर्वाचन आउन अब ७० दिन मात्रै बाँकी छ । निर्वाचन आयोगले तोकिएकै मितिमा निर्वाचन सम्पन्न हुने भन्दै तयारी भइरहेको बताउँदै आएको छ । तर गत निर्वाचनमा ६४ प्रतिशत जनमत प्राप्त सत्तारुढ दलभित्रको विवादका विषयमा भने आयोग अझै अनिर्णयको बन्दी भइरहेको छ ।

राजनीतिक रुपमा विभाजित नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का ओली र दहाल-नेपाल समूह दुवैले आआफ्नो समूह आधिकारिक भएको दाबीसहित कानुनी मान्यता खोजेका छन् । तर आयोगले भने अहिलेसम्म कुनै निर्णय गर्न सकेको छैन । दाहाल नेपाल समूहले ४ सय ४१ केन्द्रीय कमिटी सदस्यमध्ये



२८७ जना केन्द्रीय सदस्यहरूको हस्ताक्षरसहित आधिकारिताको दाबी आयोगसमक्ष प्रस्तुत गरेको छ । दाबी गर्ने ३० दिनको अवधि सकिएको भन्दै यो समूहलाई आधिकारिकता नदिने छलफलमा छन् आयुक्तहरू । यसैलाई बुझेर सायद नेकपा अध्यक्ष माधव नेपालले भनिसकेका छन्- आधिकारिकता नपाए आयोग घेर्छौं) ।

आन्तरिक रुपमा राजनीतिक दलको आधिकारिकता विवाद टड्कारो बनिरहेका बेला आयोग आफैं 'पर्ख र हेर' को अवस्थामा रहेपछि आयोगको निर्णय क्षमताको आलोचना भइरहेको छ । नेकपाको विवाद समाधान नभई कसरी निर्वाचन सम्भव छ ? यद्यपि आयोगका पदाधिकारीहरू भने निश्चित मितिमै निर्वाचन हुने र तयारी अगाडि बढिरहेको भनिरहेका छन् । कुनै राजनीतिक दलको बीचमा विवाद उत्पन्न भयो भने त्यसलाई निरुपण गर्ने आयोगको कर्तव्य हो ।

आयोगले विधान र कानुन मुताविक निर्णय गर्ने क्षमता राख्नुपर्छ । दाहाल-नेपाल समूहले राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ अनुसार आयोगलाई पुष्पकमल दाहाल र माधवकुमार नेपाल नेतृत्वको पार्टी आधिकारिक भएको निवेदन आयोगमा माघ २० गते बुझाएको थियो । सो विषयमा आयोगले अध्ययन अनुसन्धान गरिरहेको बताए पनि ओली पक्षलाई भने कुनै जानकारी गराएको छैन । बाँकी ८ पेजमा

## पत्रकारहरू पुरस्कृत

काठमाडौं । यस वर्षको कृष्णप्रसाद भट्टराई पत्रकारिता पुरस्कार नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष डा.सुरेश आचार्यलाई प्रदान गरिएको छ । सो पुरस्कारको राशि एक लाख रुपैयाँ छ । त्यसैगरी गोविन्द वियोगी राष्ट्रिय पत्रकारिता पुरस्कार नेपाल टेलिभिजनका पुष्पहरि क्याम्पा राईलाई प्रदान गरिएको छ । कृष्णसेन इच्छुक राष्ट्रिय पत्रकारिता पुरस्कार दलित पत्रकार संघका अध्यक्ष विनोद पहाडीलाई प्रदान गरिएको छ । ती पुरस्कारको राशि जनही ५० हजार छ ।

जनही दश हजार राशिको गोरी कठायत स्मृति पत्रकारिता पुरस्कार रामभगत शाह र मुना हमाललाई प्रदान गरिएको छ । श्रीमती रत्नकेशरी राजभण्डारी कृष्ण स्मृति पत्रकारिता पुरस्कार राष्ट्रिय समाचार बाँकी ८ पेजमा

## इन्टरनेटमा मनपरी कर

काठमाडौं – सरकारले इन्टरनेट सेवालाई १० भन्दा बढी शीर्षकमा कर लिने गरेको छ। इन्टरनेट सेवा प्रदायकहरूका अनुसार अन्तर्राष्ट्रिय ब्यान्डविथ नेपाल भित्रिँदा सरकारले १० प्रतिशत टीडीएस लिने गरेको छ। नेटवर्क सेवा प्रदायकले पनि इन्टरनेट ब्यान्डविथ उपलब्ध गराउँदा थप १० प्रतिशत भाडा शुल्क कर उठाउने गरेका छन्।

इन्टरनेट सेवा प्रदायकले आफ्नो कुल वार्षिक आयको ४ प्रतिशत रोयल्टी र २ प्रतिशत ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने हुन्छ। वर्तमान सरकारले गठन भएपछिको पहिलो बजेटमै इन्टरनेटमा थप १३ प्रतिशत दूरसञ्चार सेवा शुल्क लगाउने निर्णय गरेको थियो। यीबाहेक १३ प्रतिशत भ्याट र ३० प्रतिशत कर्पोरेट कर तिनुपर्ने भन्दै सेवा प्रदायकले इन्टरनेटमा लगाइँदै आएको कर घटाउनुपर्ने माग गरेका छन्। योबाहेक इन्टरनेट विस्तारका लागि आवश्यक पर्ने अप्टिकल फाइबर केबलमा १५ प्रतिशत, ड्रप केबलमा ५ प्रतिशत र राउटर र अन्य स्विचहरूमा ५ प्रतिशत भन्सार शुल्क लाग्दै आएको छ।

## नेपाली कामदारलाई भिसा थप

काठमाडौं । दक्षिण कोरिया सरकारले कोरियामा विभिन्न प्रवेशाज्ञा (भिसा) मा आई काम गर्ने र काम गर्न चाहेर प्रवेशाज्ञा परिवर्तन गरी अवधि थप गर्न चाहने नेपाललगायत कोरियामा रहेका अन्य विदेशी कामदारको प्रवेशाज्ञा १३ महिनाका लागि थप गर्ने भएको छ ।

विशेषगरी कोभिड-१९ का कारण प्रवेशाज्ञा अवधि सकिएर पनि स्वदेश फर्किने अवस्था नभएका कामदारलाई प्रवेशाज्ञा थप गरी अस्थायी मौसमी कामदारको रुपमा काम गर्न अनुमति दिने न्याय मन्त्रालयलले जनाएको हो ।

प्रवेशाज्ञा थप हुनेमा एफ-१ (भ्रमण तथा पारिवारिक भिसा), एफ-३ (डिपेन्डेन्ट भिसा), एच-२ (भ्रमण तथा काम गर्ने भिसा), ई-९ (रोजगार अनुमति भिसा) आदि बाँकी ८ पेजमा

## निषेध र विभेदको राजनीतिप्रति पूर्वराजाको आपत्ति



काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले नेपाल जनता र राजाको सहमतिमा खडा भएको जिकिर गर्दै मुलुकको अस्तित्व रक्षा पनि सहमतिमै हुने बताएका छन् । ७१औं प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा बिहीबार जारी शुभकामना सन्देशमा पूर्वराजाले निषेध र विभेदको राजनीति सुरु भएको आरोप लगाएका छन् । पूर्वराजा ज्ञानेन्द्रले घुमाउरो भाषामा राजसंस्था पुनर्स्थापना हुनुपर्नेमा जोड दिएका छन् ।

'नेपाल जनता र राजाको सहमतिबाट खडा भएको र त्यसको औचित्य रक्षा पनि सहमतिबाट मात्रै हुने यथार्थको अवज्ञाले निषेध र विभेदको राजनीति सुरु गरिएकोमा मुलुक दिनप्रतिदिन जटिलतामा फस्दै गएको महसुस आमनेपालीले गरिरहेका छन्' संवाद सचिव बाँकी ८ पेजमा

## भ्रष्टाचारका नायकहरूको नालीबेली

समय सन्दर्भ

**पीपी सुवेदी**

पञ्चायतकालमा 'मिस्टर क्लिन' भनिने प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले डा. प्रकाशचन्द्र लोहनीलगायतका केही व्यक्तिहरूसँग मिलेर एक अर्ब डलर काण्ड मच्चाउँदा ठूलो हल्लीखल्ली भएको थियो । तत्कालीन संसद राष्ट्रिय पञ्चायतमा यसबारेमा धेरै दिन चर्चा चल्यो । इमानदार राष्ट्रसेवक मानिने तत्कालीन गभर्नर कल्याणविक्रम अधिकारीले सोही काण्डमा राजीनामा दिनुपर्‍यो भने काण्डको पर्दाफास गर्ने राष्ट्रबैंकका इमानदार अधिकृत मुकुन्दप्रसाद घिमिरे तत्कालीन सरकारको वक्रदृष्टिमा परे ।

काम्लो ओढेर घिउ खान पल्केका लोकेन्द्रबहादुर चन्दलाई पञ्चायतकाल र बहुदलीय व्यवस्था दुवै फाले पनि उनले आफ्नो छवि जोगाउन



सकेनन् । दीपक बोहोरालगायतका भ्रष्टाचारीहरूको घेरामा परेर काम गर्दै जाँदा उनी करोडपति त भए तर भएभरको इज्जत माटोमा मिलाए ।

२०५७ साल कात्तिक ५ गते मुकुन्द्रप्रसाद घिमिरेले कान्तिपुर दैनिकमा एउटा लेख लेखेर सो घटनाको इतिवृत्तान्त पर्दाफास गरेका छन् । विदेशी विनिमयमा कार्यरत घिमिरेले २०४१ सालको 'एक अर्ब डलर काण्ड' को पर्दाफास नगरेको भए नेपालको त्यति ठूलो राजस्व माटोमा मिल्ने थियो । भारतीय नागरिक पिजी देसाई र विजय देसाईले तत्कालीन अधिराजकुमार ज्ञानेन्द्रसँग मिलेर एक अर्ब रूपैयाँ राष्ट्रबैंकबाट ऋण लिन खोजेको कुरा छापाहरूमा आएपछि सो काण्डको रहस्योदघाटन भयो । घटनाका सिलसिलामा षड्यन्त्रको तानाबाना बुन्ने तत्कालीन डेपुटी गभर्नर केशवनाथ शर्मासमेत कारबाहीमा परे । शर्माले प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको आदेशअनुसार आफूले काम गरेको जिकिर गरेका थिए ।

भ्रष्टाचार र तस्करीका पछाडि ठूलठूला व्यक्तिको हात हुने भएकाले वास्तविक अभियुक्त र अपराधीहरू उम्किने गर्छन् । पञ्चायतकालको उत्तरार्द्धमा २०४४ सालतिर हेमबहादुर मल्ल वनमन्त्री छँदा करोडौंको भ्रष्टाचार भयो । तत्कालीन अख्तियार दुरूपयोग निवारण आयोगले मल्ललाई ३ करोड २३ लाख ६० हजार ६ सय २३ रूपैयाँ भ्रष्टाचार गरेको अभियोगसहित थुनामा राख्ने आदेश बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाई

**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल

**प्रबन्ध निर्देशक** किरण थापा

**अतिथि सम्पादक** विष्णु भट्टराई

**सहसम्पादक** घनश्याम ओली

**बजार व्यवस्थापन** रामशरण रिमाल

**सम्पादन सहयोगी** गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# मुलुक गम्भीर संकटमा

मुलुक अहिले अन्योलपूर्ण अवस्थामा गुज्रिरहेको छ । सत्तासीन दल नेकपाको औपचारिक विभाजन पनि भइनसकेको तर दुई गुटबीच चुलिएको चरम असन्तुष्टिका स्वर, आरोप, प्रत्यारोप र तल्लो स्तरमा ओर्लिएर गरिएका गालीगलौज जस्ता कुराले पार्टी अब एक नहुने अवस्थामा पुगिसकेको छ । प्रधानमन्त्रीले घोषणा गरेको निर्वाचनको तिथि नजिक आउँदै गर्दा पनि यी दुई गुटबीचको विवाद निर्वाचन आयोगले निरूपण गर्न सकेको छैन । जसले गर्दा प्रमुख दलको आधिकारिकताको टुंगो नलागी घोषित मितिमा निर्वाचन हुन्छ भन्ने कुरा नेताहरूकै भाषामा केवल नौटंकी मात्र भएको छ ।

विगतमा भएका सत्ताको निरन्तर फेरबदलले निम्त्याएको अस्थिरता रोक्न वर्तमान संविधानले बलियो व्यवस्था गरिएको र सुधारिएको संसदीय व्यवस्थाका रूपमा व्याख्या गरिएको भए तापनि दलभित्रको आन्तरिक किचलो थेग्न नसकेको निहुँमा प्रधानमन्त्रीले असंवैधानिक तवरले संसद विघटन गरिदिए । संसद विघटनपछि मैदानमा उत्रिएका नेकपाका दुई गुट अनि संसद विघटनको विरूद्धमा उत्रिएका अन्य दलका गतिविधिले मुलुकको शान्ति र व्यावसायिक वातावरण पूरै धूमिल बनाएको छ । दिनहुँ हुने नारा जुलुस, विभिन्न खाले प्रदर्शन, मानिसहरूको ओसारपसारले सहरी क्षेत्रको वातावरण पूरै खलबलिएको छ । कोरोनाले थिलथिलो पारेको अर्थतन्त्रलाई तङ्ग्रिने वातावरणसम्म नदिई गरिएका नेपाल बन्द लगायतका उत्ताउला प्रदर्शनले मानिसको काम गरी खाने मेलो समेत खोसिने गरेको छ । गरिबीको दुष्चक्रमा फसेको मुलुकले तीव्र ढंगको आर्थिक विकास चाहेको छ तर पथप्रदर्शकका रूपमा रहेको राजनीति खलबलिएपछि आर्थिक विकास ओझेलमा परेको छ ।

वर्तमानको अस्थिर राजनीतिलाई छिटो ट्र्याकमा ल्याउने कसीको रूपमा अब सर्वोच्च अदालतको फैसलातर्फ सबैको ध्यान तानिन थालेको छ । पक्ष, विपक्षका वकिलहरूको बहस सकिएर एमिकस क्युरीका रूपमा छानिएका वरिष्ठ अधिवक्ताहरूको बहस चलिरहेको छ । यो अवस्थामा सर्वोच्चलेृ अब छिटोछरितो फैसला गरी मुलुकलाई राजनीतिक स्थायित्व दिन आवश्यक छ । सर्वोच्च अदालतको विवेकपूर्ण फैसलाले पक्कै पनि उचित मार्गनिर्देश गर्ने आशा गर्न सकिन्छ ।

यसैगरी ठूला राजनीतिक दलहरूले जनसभाका नाममा मानिस ओसार्न गरेको प्रतिस्पर्धाले मुलुकमा संस्कारयुक्त राजनीति गर्ने मनसायले अघि आउन चाहेका साना दलहरूलाई गम्भीर असर पुर्‍याएको छ । भ्रष्टाचार गरेको अर्बौं पैसा भीड जम्मा गर्ने काममा खर्च भइरहेको राज्यका कुनै पनि निकायले देखेको नदेखै गरिरहेका छन् । अझ हेलिकप्टर चढेर समेत निर्वाचन प्रचारमा हिंड्न पाउन विधेयक प्रधानमन्त्रीले अघि सारेपछि साना दलहरू फेरि पनि साँढेको जुधाइ बाछाको मिचाइको अवस्थामा पुग्ने निश्चित छ । प्रचलित ऐन, कानुनको खिल्ली उडाएर जथाभावी खर्च गर्ने ठूला दलहरूलाई अंकुश लगाउन कसैले नसक्ने हुनाले मुलुकमा असल राजनीतिक संस्कार सुरू होला भन्ने केवल कोरा कल्पना मात्र बन्न पुगेको छ । त्यसैले सर्वोच्च अदालत निर्वाचन आयोगजस्ता निकायले कसैको प्रभाव, डर त्रासमा नपरी विवेकपूर्ण र विधिसम्मत निर्णय गर्न आवश्यक छ ।

# साधन र साध्यको कुरा : नियति नेपाली राजनीतिको



**सुरेन्द्र ढकाल**

नयाँ सडक पुग्नु लक्ष्य वा साध्य हो भने त्यहाँसम्म पुग्ने साधन धेरै किसिमका हुन्छन जस्तो पैदल, साइकल, मोटरसाइकल, वस, कार आदि । त्यसको छनौट समय, परिस्थिति र क्षमताले गर्दछ । कुन प्रयोग गर्दा सुरक्षितपूर्वक सस्तोमा समयमा नै पुग्न सकिन्छ भन्ने कुरा हो । यसलाई जोडेर राजनीतिसँग हेर्दा चाहे निर्दलिय ब्यवस्था होस, चाहे एकदलीय ब्यवस्था वा वहुदलीय ब्यवस्था होस, चाहे निरंकूश राजतन्त्र होस चाहे संवैधानिक राजतन्त्र वा गणतन्त्र होस यी सबै साधनमात्र हुन । साध्य भनेको जनताको उकासिदै गएको समृध्दि, गरिवी र निरक्षरताको अन्त्य, भ्रष्टाचार र राष्ट्रघातको सफाया, सफा पर्यावरण, अनि समाजमा धनि र गरिव वीचको क्रमस कम हुदै गएको दुरी हो । हामीले नेपालमा २००७ साल देखि ६३ साल सम्म आउदा धेरैपटक आन्दोलन गरी साधनहरू परिवर्तन गर्‍यौ, यो ब्यवस्था राम्रो होला कि त्यो ब्यवस्था राम्रो होला भनेर अनि त्यसले साध्यमा पुर्‍याउला भनेर । तर सक्षमता, पारदर्शिता, मितब्ययिता र सादगी जस्ता गुणहरूलाई राजनीति र प्रशासनमा स्थापित गर्न नसक्दा राणा भन्दा पंच खराव, पंच भन्दा कांग्रेस खराव, कांग्रेस भन्दा एमाले खराव, एमाले भन्दा माओवादी खराव र अन्तमा राजनीति गर्ने झुण्डहरू सबै खराव प्रमाणित भएको अवस्था छ अहिले । राजालाई सामन्त भनेर निकाल्ने अनि त्यही सामन्ती सोच सबै दलका नेतामा हुने कारण पद कहिले छाडन नचाहने प्रवृत्तिले गर्दा न यहा कुनै दलमा आन्तरिक प्रजातन्त्र वा जनवाद (Intra Party Democracy) छ न दलहरूको वीचको प्रजातन्त्र वा जनवाद (Inter Party Democracy) नै छ । आफु र आफना मान्छे मात्रै सक्षम देख्ने प्रवृत्ति, आफु र आफनाले भनेका कुरा मात्रै ठीक भन्ने प्रवृत्तिको कारण सबैले एक पछि अर्को गर्दै आफैलाई पत्रु सावित गरेको अवस्थामा कहाबाट हुन्छ राष्ट्रिय प्रजातन्त्र (National Democracy) को सुद्यृढिकरण ? कहाबाट हुन्छ विकाश ? अनि कहाबाट आउछ समृध्दि ? साधन परिवर्तन गर्ने वित्तिकै साध्य सजिलै प्राप्त होला भन्ने सजिलो सोच भडकाउन सबै लागे ।

> **सक्षमता, पारदर्शिता, मितब्ययिता र सादगी जस्ता गुणहरूलाई राजनीति र प्रशासनमा स्थापित गर्न नसक्दा राणा भन्दा पंच खराव, पंच भन्दा कांग्रेस खराव, कांग्रेस भन्दा एमाले खराव, एमाले भन्दा माओवादी खराव र अन्तमा राजनीति गर्ने झुण्डहरू सबै खराव प्रमाणित भएको अवस्था छ अहिले ।**

जनताले पनि त्यसैमा विश्वाश गर्‍यो । तर ७ दशकको लामो संघर्ष पछि पनि माछो माछो भ्यागुतै सावित हुन पुग्यो । स्थायी सरकार भनिने प्रशासनलाइ मात्रै राजनीतिबाट स्वतन्त्र राखी पेशागत तवरबाट दक्ष वनाउन आवश्यक पाइला चालिएको हुन्थ्यो भने प्रशासन इमान्दार र सक्षम हुन्थ्यो त्यसले राजनीतिक दलहरूलाई समेत सक्षम वन्ने अवशर प्रदान गर्थ्यो । तर आफुले भने वमोजिम नभएपछि एकवर्षमा चारपटक मंत्रालयका सचिवहरू, विभागका महानिर्देशकहरू, जिल्ला प्रशासकहरू परिवर्तन गर्ने प्रवृत्तिले प्रशासनलाई राजनीतिको नोकर वनाउदा सबै ब्यवस्थाहरू साध्यमा पुग्न असफल भए । हुदा हुदा संविधानमानै ब्यवस्था नभएको अधिकार प्रयोग गरी संसदै विघटन गर्ने, अनि त्यसमानै संबैधानिक भनिने अदालत र आयोगहरू रुमल्ली रहने जुन प्रवृत्ति देखा परेको छ त्यसले राजनीतिक दल त्यसका नेताहरूलाई असक्षम अनि असफल त बनायो नै कतै यसले अव सिंगै राष्ट्लाई नै पो असफल वनाउने हो की भन्ने चिन्ता यस राष्ट्लाइ माया गर्ने, आफुलाइ नेपाली भन्न पाउदा गर्व गर्नेहरूलाई परेको छ । जस्तो सुकै राम्रो साधन हुदैमा साध्यमा सजिलै पुगिदो रहेनछ भन्ने कुरा प्रमाणित भइसकेको परिप्रेक्ष्यमा अव इमान्दारी, सक्षम, मितब्ययि र सादगी संगठन र नेताहरू नेपाली जनता र मतदाताले खोज्ने बेला आएको छ ।

निर्वाचनको अगाडिको दिन जस्ले पैशा र मासु भात वाढे ती ठीक भन्दा हिजो राणा सकिए, शाह र पंच सकिए कांग्रेस, एमाले अनि माओवादी सकिदा अव देश सक्किने पालो आएको छ । तसर्थ साधनमा होइन साध्यमा जोड दिने प्रवृत्तिको विकाश गरौं । देशबाट लिने होइन देशलाई दिन सक्ने ब्यक्ति चयन गरौं, सहि काम गरी कमाएको दामबाट नाम र यश बनाउने उत्कृष्ट समाज सेवाको रुपमा राजनीतिलाई स्थापित गरौ अनिमात्रै समृध्दि स्वतन्त्रता र अखण्डता संभव छ नत्र साधन परिवर्तन बाट हुनेवाला केहि छैन भन्ने कुरा अहिलेको देशको अवस्थाले प्रष्टै पारिसक्यो । अव देश असफल हुन मात्र बाँकी छ ।

# ओली सरकारको अर्को तानाशाही हर्कत



**गोविन्द विक**

विखन्डित नेकपाका प्रचन्ड-माधव समूहकी नेतृ रामकुमारी झाँक्रीलाई राष्ट्रपतिविरुद्ध अपहेलना गरेको कसुरमा पक्राउ परेसँगै ओली सरकारको अर्को तानासाही हर्कत बाहिरिएको छ । सत्तासिन दल नेकपाभित्रको विखन्डित रुपको अर्को कदमको रुपमा नेतृ झाँक्रीको पक्राउलाई लिन सकिन्छ । प्रधानमन्त्री ओली र प्रचन्ड माधव समूहमा नेकपा विभाजित भएपछि मुलुकमा शक्ति प्रर्दशनको दोहोरी चलिरहेको परिपेक्षमा गाउँगाउँबाट गाडीका गाडी मानिसलाई भेडाबाखा जसरी राजधानीमा थुपारेर कसैको आमसभा हुन्छ भने कसैको जनताका लागि आन्दोलन भएको छ ।

यसै क्रममा नेकपाका दुबै पक्ष एक अर्कालाई धम्क्याउँदै निम्नस्तरका गालीगलोजमा उत्रिएको हामी सबैले देखे भोगेका छौं । सायद प्रचन्ड र माधवको हातमा पनि प्रहरी थियो भने ओली समूहका नेता पक्राउ पर्नेमा संका नै थिएन । फरक यति हो कि ओलीसँग सत्ता र शक्ति छ भने प्रचन्ड माधवसँग छैन । विगतमा पनि राजनैतिक आमसभामा नेताहरूले राजाका विरुद्धमा बोलेका थुप्रै नजिरहरू छन् तर उनीहरूलाई पक्रन कहीँबाट पनि आदेश आएन । २०४७ सालमा तत्कालिन एमालेका नेता मदन भन्डारीले पनि राजा महेन्द्रलाई राजनिती गर्ने हो भने मैदानमा आउन चुनौति दिएकाथिए । उनै मदन भन्डारीको विरासतमा राजनिति गरेकी विद्या भन्डारी आज राष्ट्रपति छिन तर उनलाई आलोचना गरेको प्रति सरकारले राज्य विरुद्धको कसुर भन्नु कति जायज हो ? यो समयले बताउने नै छ । २३ गते ओली समुहले दरबार मार्गमा शक्ती देखाए २८ गते प्रचन्ड समुहले भिकृटी मन्डपभित्र शक्ती देखाए ।

गोरखामा भएको सभामा झाक्रीले राष्ट्रपतिको आलोचना गरेकी थिइन । राष्ट्रपति संस्थालाई कमजोर बनाउनेमाथी टिपणी गर्दा महिला अस्मिताको कुरा उठाउनेहरू दिन दाहाडै बालिका र किशोरी बलात्कृत हुँदा चुपचाप भन्ने अभिव्यक्ति नेतृ झाक्रीको थियो । सरकारले यसलाई राज्य विरुद्धको कसुर भनी झाक्रीलाई पक्राउ गर्न प्रहरी खटायो । झाक्री पक्राउ परेपछि सरकारका विरुद्धमा सर्वत्र आलोचना भएका थिए । प्रचन्ड माधव समुहका विद्यार्थी संगठनहरूले विरोध र्‍याली नै गर्यो । प्रहरीले राज्यविरुद्धको कसुर सम्बन्धी ऐनको दफा ५८ अनुसार पक्रेको भनेपनीअसन्तुष्ट पक्षकाशीर्ष नेतृत्वलाई तर्साउनओलीले यो अस्त्र प्रयोग गरेकोमा कुनै दुविधा नै छैन । यदि यो आरोप अनुसन्धानमा राज्यविरुद्धको कसुर ठहर भए झाक्री ७ वर्ष जेल बस्नुपर्ने थियो । तर सरकारले राज्य विरुद्धको कसुर ठहर्‍याउने ठोस प्रमाण जुटने आधार ठम्याउन गाह्रो हुने भएको र झाक्री पक्राउको चौतर्फी विरोध हुन थालेपछी करिब ५ घन्टा प्रहरी हिरासतमा राखी साझ निसर्त छोडिदियो । यस घटनाले ओली सरकारले आफ्ना विरोधीहरू सबैलाई कसुरै कसुर देख्न थालेको दृष्यहरू छलर्ङगै पारेको छ ।

> **सत्ता र शक्तिको आडमा ओली सरकारले यसरी विरोधीहरूको धरपकडमा उत्रिनु भन्दा पनि संयमितभ एर सबैलाई समेटेने दिशातिर लाग्नु नै देश र जनताको भलाइथियो । सरकारको असंवैधानिक कदमको विरूद्धमा जनताले खबरदारी गर्नु संविधानसम्वत नै हो भन्ने कुरा सबैभन्दा धेरै प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै थाहा छ ।**

अंसवैधानिक बाटोबाट संसद विगठन गरेर प्रधानमन्त्रीको पद टिकाउने अभ्यासमा लागेका ओली, र कुरा मिल्दाचाही चुक्क पनि नगर्ने जब कुरा नमिल्ने भएपछि व्यवस्था विरोधी ओली भन्दै आन्दोलन चर्काउने प्रचन्ड माधव समुह दुवैको उदाङ्गो बालहठले गर्दा आज सिंगो मुलुक र आम नागारिक चेपुवामा परेका छन । यसका अलवा असन्तुष्ट पक्षका नेता कार्यकर्ता पनि सरकारको निसानीमा पर्नु गैरजिम्मेवारपनाको परकाष्ठ नै हो । सत्ता र शक्तिको आडमा ओली सरकारले यसरी विरोधीहरूको धरपकडमा उत्रिनु भन्दा पनि संयमितभ एर सबैलाई समेटेने दिशातिर लाग्नु नै देश र जनताको भलाइथियो । सरकारको असंवैधानिक कदमको विरुद्धमा जनताले खबरदारी गर्नु संविधानसम्वत नै हो भन्ने कुरा सबैभन्दा धेरै प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै थाहा छ । तर पनि उनले एकपछि अर्को रबैया दोखान नछोडेनु खतराको संकेत हो । यसले मुलुकलाई अन्धकारको भुमरीमा रुमाल्न खोज्दैछ । आफ्ना गलत कदमकालागि स्वस्थ्यविरोधलाई पचाउने धयैता सरकारमा थियो तर छैन ।

# झापा विद्रोह, पूर्तिघाट बैंक संघर्ष र नेपालको गणतन्त्र-४



**सुदर्शन प्रधान**

झापा विद्रोहीहरूको झापा संघर्षलाई पञ्चायती सत्ताले सबभन्दा खतरनाक घटना भएको प्रचार छ। तर उक्त घटनामा संलग्न सबैलाई २० वर्षको जेल सजाय र आर्थिक विषयमा शुन्य सजाय छ ।

यिनै झापा संघर्षमा जेल परेका एक खड्क ओलीलाई सन् १९८७ मा पञ्चायती सत्ताले जेलमुक्त गरेका थिए। हामी भूमिगत रहेको त्यो घडीमा यस घटना रहस्यमय रहेको क्रान्तिकारी बुद्धि जिविहरूको बिचमा निक्कै चर्चा भएको हो ।

एउटै घटनामा पर्नेहरू अझै जेलमै सडिरहने मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनालीहरू तर खड्क ओली चाहिँ छुट्ने! तत्कालीन राजतन्त्रात्मक पञ्चायती सत्ता सामु झुकेर त्यसको सेवा गर्ने सर्तमा स्वीकारोक्ति नहुँदो हो त खड्क ओली जेलमुक्त हुने आधार क्यै थिएन। यो कुराको पुष्टि कसरी पनि हुन्छ भन्ने नेकपा माओवादी ले जनयुद्ध थालेपछि र सन् २००१ मा दरबारमा राजा वीरेन्द्रको वंशनाश भएपछि गणतन्त्रको आवाज उच्च भयो ।

सन् २००५ मा तत्कालीन ने.क.पा. (माओवादी) र सात राजनैतिक पार्टीहरू बीच दिल्लीमा १२ बुँदे सहमतिमा गणतन्त्र पनि एक थियो र आन्दोलनको एक तारो बन्यो ।

तर खड्क ओलीले गणतन्त्रको विरोध गर्दै 'गोरु गाडामा चढेर वासिङ्टन पुगिन्छ?' भन्दै गणतन्त्र वादीहरूको हुर्मत लिन दुस्प्रयास गरेकै हो । तर गणतन्त्र विरोधी र संघीयताको पनि विरोधी खड्क ओली २०७२ आश्विनमा गणतान्त्रिक र संघीयताको संविधान निर्माण भए पछि दुई दुई पटक प्रधानमन्त्री बन्न सफल भयो र दुवै पटक विग्रहको सिर्जना गरियो, पार्टी राष्ट्र र जनताको लागि। यसको मूल कारण पार्टीको गलत सैद्धान्तिक मार्ग दर्शनको परिणाम हो। जुन दर्शनले गलत चिन्तन, आचरण, प्रवृत्ति र व्यवहारहरूको कडा आलोचना गर्दै सुधार्न र सही पथमा ल्याउन प्रयास गर्न पर्थ्यो। संभव नभएमा पार्टीबाट अनुशासनको कारबाही चलाउँदै गलहत्याउन पर्थ्यो। मान्छेका भीड उनीहरूका प्राथमिकता बन्यो। शुद्धता, स्वच्छता, पारदर्शिता अनि जनता र राष्ट्रको उज्ज्वल भविष्य अन्तर्निहित हुने क्रान्तिकारी सैद्धान्तिक मार्ग दर्शन र व्यवहारहरू प्राथमिकतामा कहिल्यै परेन।

ईतिहासको केही मर्म स्पर्शी भनौं कटुसत्य घटनाहरू बाट यो आलेखको अन्त गर्दैछु सन् १९७४ मा काठमाण्डौ स्थित केन्द्रिय कारागारमा सुरुङ्ग खनेर जेलबाट फरार हुने एक योद्धा थियो गोपाल शाक्य। होचा कदका फराकिलो छाती भएका उनै शाक्यले गत २०२० मार्चको तेश्रो हप्ता काठमाण्डौमा पंक्तिकारसंग ईतिहासको स्मरण गर्दै भने "तपाईंहरूले तल कालीगण्डकी किनार स्थित पुर्तिघाट बजारको बैंक कब्जा गर्नु भएछ, हामी नेकपा(माले) का पूर्णकालीन कार्यकर्ताहरू माथि डाँडाहरूमा थियौं। प्रहरीहरूको शसस्त्र गस्ती बढ्न थाल्यो। हामी त भागाभाग, ज्यान बचाउन नै हम्मे हम्मे पर्यो त्यसबेला....."

स्मरण रहोस्, पञ्चायती काल भरीको एक शिखरको क्रान्तिकारी अप्रेशन पुर्तिघाट बैंक संघर्षलाई पार्टी नेतृत्व रुपलाल विश्वकर्माले राजनैतिककरण भनौं जिम्मेवारी नलिनु ठूलो गद्दारी थियो। तथापी गिरफ्तारीमा परेका कमरेड फणीन्द्र आचार्यले अदालतमा बयाँन दिँदै भने "नेपाली जनताको मुक्ति र स्वाधिनताको लागि क्रान्तिको तयारी गर्न यो बैंक संघर्ष भएको हो......" भनेर स्पष्ट पार्नुभएको छ। यो संघर्षलाई "डाकाहरूको बैंक लुटपाट" भनेर तत्कालीन नेकपा(माले) समर्थित 'छलफल' साप्ताहिकले छापेको हो। जसको सम्पादक गोपाल थपलिया थियो ।

*(क्रमशः)*

# मैले देखेको १५८ औं विश्व पर्यटकीय स्थल

# ल्हासाको नोर्बुलिङ्का दरबार

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा नोर्बुलिङ्का दरबार



दरबारभित्रका टापुहरूमा बनेका ताल दरबार (लेक प्यालेस)



दरबारको रातो ढोका यस्तो रहेछ



दरबारको भित्तामा गरिएका फ्रेस्को कला



दरबार भित्रको भित्तामा गरिएको बुद्धको चित्र

जोखाङ मन्दिर अवलोकन गरिसकेपछि म त्यहाँबाट सिधै नोर्बुलिङका दरबार अवलोकन गर्ने उद्देश्यले त्यता लाग्ने क्रममा एउटा ट्याक्सी लिए। जोखाङ मन्दिरबाट नोर्बुलिङका दरबार ५ किलोमिटरभन्दा अलि बढी रहेछ। टेक्सीले मलाई १० मिनेट नपुग्दै दरबारको अगाडि रोकिदियो। त्यतिखेर दिउँसोको साढे दुई पनि बजेको थिएन।

नोर्वुलिङका दरबार


यो दरबार र यसका वरिपरि रहेका बगैंचा जसलाई Treasure Garden भनिन्छ सन् १७५५ तिर ७ औं दलाई लामाबाट निर्माण भई आठौं दलाई लामा जाम्पेल ग्यात्सोको पालामा निर्माण सम्पन्न भई उनैको ग्रिष्मकालिन निवासको रुपमा प्रयोग हुँदै आएको रहेछ। तिब्बती भाषामा लिंकाको अर्थ फलफुल बगैंचा हुने रहेछ। सन १९५९ मा अन्तिम दलाइ लामा निर्वासन जानु अगाडि यसै दरवारमा बसेका रहेछन्। युनेस्को विश्व सम्पदा सूचीमा परेको यो दरवारको सन २००१ मा विस्तार भएको रहेछ।

प्रशाशकीय तथा धार्मिक केन्द्रको रुपमा आफ्नै तिब्बती शैलीमा निर्माण भएको यो दरवार पोटाला दरवारबाट ३ किलोमिटर दक्षिण पश्चिम क्यी नदीको किनारमा अवस्थित रहेछ। यस दरवारमा ३७४ वटा कोठाहरू रहेछन्। दरवार बन्नुअघि यो ठाउ वाफो र झाडीले ढाकिएको वन्य जन्तु वासस्थान थियो रे। ३६५० मिटरको उचाईमा रहेको यो दरवारको वगैचा विभिन्न थरिका गुलाफ, गोदावरी फुल र जडिवुटीका विरुवाहरूले सिंगारिएको रहेछ। फलफुल तर्फ भन्नु पर्दा स्याउ, आरु, आलुवखडाका रुखहरू रहेछन्। वनस्पतीमा वासको झ्यांग र चराचुरुंगीमा विषेश गरेर मयुरहरूको वासस्थान रहेछ। त्यहा एक पानीको मुहान रहेको र त्यहाको पानीले नुहाउदा विभिन्न रोगहरू निको हुने भएको कारण दलाइ लामा ग्रिष्म ऋतुमा त्यहा नुहाउन जान्थे रे। ३६ हेक्टरमा फैलिएको यो दरवारको वगैचा विश्वकै अति अग्लो स्थानमा रहेको सबै भन्दा ठूलो मानव निर्मित वगैंचा भित्र पर्दो रहेछ। गृष्म र हेमन्त ऋतुमा यस दरवार परिशर नृत्य, संगीत गायन चाडपर्व अनि मनोरंजनको मुख्यथलो (Hub) वन्दो रहेछ। यहा मनाइने चाड पर्व मध्ये अति लोकप्रिय चाहि सो दुन 'Yoghurt Festival' (दहि चाड) रहेछ। सन १९५० मा चीनले सैनिक नियन्त्रण लिने प्रकृयामा यस दरवार परिशरका केहि भवनहरू क्षतिग्रस्त भएतापनि सन २००३ मा आएर ति सबै भवनहरू, त्यहाको हरियाली र पोखरी पुनरनिर्माण भएको रहेछ।

इतिहास खोतल्दै जादा यो दरवार पोताला दरवार वनेको १०० वर्ष पछि वनेको भन्दा रहेछन्। पछि १३औ र १४औ दलाइ लामाको पालामा दरवार र बंगैचा निकै झकिझकाउ वनाइएको र अहिलेको नोर्वुलिंका दरवारको रुप त्यतिखेरै विकसित भएको भनिदो रहेछ। विश्व पर्यटनको केन्द्रको रुपमा स्थापित यस दरवार भित्रका कक्षमा इटालियन फ्रेस्को कला संग्रह, "Chandeliers") र Ajanta caves, तिबेतन गलैचा, भित्तामा गरिएको वुध्द र ५औ दलाइलामाको कलात्मक तश्विर आदिकुराहरू ज्यादै राम्ररी प्रदर्शनमा राखिएको रहेछ। त्यहा दलाइ लामाको शयन कक्ष, ध्यान कक्ष, स्नान कक्षलाई जस्ताको तस्तै संरक्षण गरिएको रहेछ। त्यहा संरक्षण गरिएका अन्य कुराहरूमा विभिन्न तिब्बती जनजाती संग संवन्धित वास्तु र मूर्तिकलाहरू, ३ हजार भन्दा वढी तिब्बती ऐतिहासिक ग्रन्थहरू लाई ५ विभिन्न कक्षहरूमा सजाइएको रहेछ। मुख्य द्वार ७औं दलाइ लामाको नाम केल्सांग ग्यात्सोबाट केल्सांग फोदांग रीखिएको रहेछ। प्रवेश द्वारको ठीक अर्को पट्टि खामसुम जिलनोन नामक दुइ तले सास्कृतिक स्थल (Pavilion) रहेछ। केल्साग फोद्रोंगको उतरपश्चिममा त्सोस्किल फोद्रोंग नामक तालको वीचमा रहेको पभेलियन चेन्सिल फोद्रोग रहेछ र नोर्वुलिंकाको पश्चिममा गोल्डेन फोद्रोंग र १३औ दलाइ लामाले वनाएको भवनहरूको समूह रहेछ। दरवारको ठूलो रातो प्रवेशद्वार यिनै दलाइलामाले वनाउन लगाएका रहेछन्। नोर्वुलिंकाको सबैभन्दा नाटकीय स्थल भनेको पश्चिम दक्षिण तर्फको ताल दरवार (Lake Palace) रहेछ। तालको वीचमा तीनवटा टापुहरू पुलले जोडिएका रहेछन्। हरेक टापुमा एकएक वटा दरवार रहेछन्। त्यहाँ घोडाको तवेला पनि रहेछ जहा चीन वादशाहबाट उपहार स्वरुप प्राप्त घोडाहरू राखिन्थ्यो रे। त्यहा सन १९५६ मा दलाइ लामाले तिब्बत छोडनु अघि वनाएका आधुनिक दुइ तले संरचना पनि रहेछ। तिब्बेती शैलीको समतल छाना भएको, बैठक तथा अन्य कक्ष, बंगैचा, देवल, पानी पोखरी र फोहरा आदिले सज्जिएको यस संरचना भित्र तिब्बतको इतिहास झल्कने ३०१ वटा फ्रेस्को कलाकृतिहरू रहेछन्। त्यहाँ पंचेन लामाले माओत्से तुंगसंग भेट गरेको तश्विरपनि रहेछ। पुरै नोर्वुलिंका दरवार भित्री र वाहिरी गरी दुइ घेरामा वनाइएका पहेला रंगका पर्खालबाट संरक्षित गरिएको रहेछ। नोर्वुलिंका दरवार वंगैचा अवलोकन गरिसक्दा वेलुकाको ५ वज्न लागेको थियो। यसको साथै ल्हासामा अवलोकन गर्नु पर्ने स्थलहरू सकिएको हुदा ६ अक्टोवरको विहानै ल्हासाबाट नेपाल फर्कने क्रममा वसबाट खासा तर्फ लागे र ७ अक्टोवरको विहानै खासा आइ त्यहाबाट काठमाण्डौ आइपुग्दा वेलुकाको ४ वजेको थियो।




नोर्बुलिङ्का चोकबाट यस्तो देखिन्छ



नोर्बुलिङ्काको चोकमा सुरेन्द्र ५ अक्टोबर २००५

# ४४. का.तिलकराज शाहीको निधन गणेशमान सिंहका चाक्सीबारीस्थित घरकम्पाउन्डमा शोकसभा




■ शम्भुराम श्रेष्ठ

तिलकराज शाही मेरो एक घनिष्ट क्रान्तिकारी सहयोद्धा थिए। २००४ साल वैशाख १७ गते हामीले आफूहरू कांग्रेसी नभए पनि नेपाल राष्ट्रिय कांग्रेसको ब्यानरमुनि सुरु गरेको नागरिक तथा राजनीतिक अधिकारहरूको निम्ति सत्याग्रह आन्दोलनमा उनी पनि पुष्पलाल र मसँगै पक्रिएका थिए। एक हप्तापछि राणा प्रधानमन्त्री (अर्थात श्री ३ महाराज) पद्मशमशेरको विशालनगर दरबारमा सबै सत्याग्रहीहरूलाई 'तिमीहरूको माग पूरा भयो' भनेर आम माफी दिई रिहा गरिदिइसकिएपछि हामी ३ जनालाई अर्थात् टंकविलास गुरुभाजु, तिलकराज शाही र मलाई फेरि पक्राउ गरी चुटनसम्म चुटेर भोलिपल्ट दिउँसो नेल सिक्री लगाएर सेन्ट्रल गोलघर चलान गरियो। हामी ३ जनालाई ४ वर्षसम्म (दिनको गन्तीको हिसाबले ३ वर्ष १० महिना) सेन्ट्रल जेलभित्रको नेल जहाँ पहिले मार्न लाने ज्यानमाराहरूलाई मात्र राख्ने गरिन्थ्यो- मा राखिएको थियो। राणा शासन खतम भएपछि मात्र हामीहरूलाई अरु राजबन्दीहरूसँगसँगै रिहा गरिएको थियो।

जेलबाट छुटेको केही दिनपछि मैले नेपाल कम्युनिस्ट पार्टी ज्वाइन गरें। त्यसको लगत्तै तिलकराज पनि कम्युनिस्ट पार्टीमा प्रवेश गरे। उनी कम्युनिस्ट पार्टीको काठमाडौं जिल्ला कमिटीको सदस्यसम्म भएका थिए।

तिलकराज शाही सोझो स्वभावका थिए र त्यसैले झोकी पनि थिए। हुन सक्छ त्यहीँ झोकी स्वभावका कारणले गर्दा डेढ दुई वर्षअघि पार्टी जिल्ला कमिटीसँग उनको कुनै कुरालाई लिएर मनमुटाव अथवा मतभेद हुन गएकाले उनले पार्टी कार्यालय आउन जान नै छाडिदिएछन्। यो कुरा मलाई थाहा नै भएन। उनी निष्क्रिय भएर बसिरहेकै बेला उनको उठबस नेपाली कांग्रेसका स्थानीय नेता र कार्यकर्ताहरूसँग भएछ। सायद त्यही कारणले होला नेपाली कांग्रेसका स्थानीय नेता र कार्यकर्ताहरू उनलाई नेपाली कांग्रेसकै एक कार्यकर्ता ठानेछन। त्यही नै कारणले होला का.तिलकराज शाहीको सम्झनामा गणेशमान सिंहको घर कम्पाउन्डमा शोकसभाको आयोजना गरियो। उक्त सभामा गणेशमान सिंह लगायत त्यस समय काठमाडौंमा भएका सबै कांग्रेसी नेताहरू उपस्थित थिए। कम्युनिस्टको नाउँमा एक्लो म मात्रै थिएँ।


शोकसभामा बोल्दै स्थानीय कांग्रेसी नेताहरूले तिलकराज शाहीलाई एक कांग्रेसी रुपमा प्रस्तुतगरेका थिए, जसलाई मेरो बोल्ने पालोमा मैले खण्डन गर्नु परेको थियो। शोकसभालाई सम्बोधन गर्दै गणेशमानजीले भन्नुभयो- 'आज हामीहरूले आफ्नो साथीको निधनको शोक पनि सार्वजनिक स्थलमा नमनाएर आफ्नै घर कम्पाउन्डमा मनाउन बाध्य हुनुपरेको छ। तर यो बाध्यताको आयु सकिनै लागेको छ। संयुक्त राज्य अमेरिकामा प्रेसिडेन्टको निर्वाचन हुन लागिरहेको छ। त्यस निर्वाचनमा यसपटक रिपब्लिकन दलको पराजय र डेमोक्रेटिक दलको विजय निश्चित जस्तै भएको छ र त्यसैको हामी प्रतिक्षामा छौं। डेमोक्रेटिक दलको पक्षमा निर्वाचन परिणाम निस्किने बित्तिकै अन्तर्राष्ट्रिय स्थिति एकदमै हाम्रो पक्षमा र निर्दलीय पञ्चायती शासनको विपक्षमा हुनेछ। अनि देखाजाएगा। म त त्यही समय पर्खिरहेको छु।

माथि व्यक्त गणेशमानजीको भनाइ नेपाली कांग्रेसको रणनीति सम्बन्धी जन्मिएदेखिको विचार हो। नेपाली कांग्रेस नेपालमा राजनीतिक परिवर्तन गर्ने कुरामा खुद आफ्नै देशका जनताको शक्ति विकासमा भन्दा विदेशीको सहायतामा बढ्ता भरपर्ने गर्छ। निश्चय नै अनुकूल अन्तर्राष्ट्रिय स्थितिबाट हामीले पचायती शासनविरुद्ध उपयोग गर्नुपर्छ। तर त्यसैमाथि भरपर्ने प्रवृत्ति ठीक होइन। हामीहरूले आफैं नै देशका जनतालाई परिचालन गरी तिनीहरूलाई संगठित गर्दै तिनीहरूको शक्ति विकास गर्नुपर्छ किनकि त्यो नै वास्तवमा नेपालमा राजनीतिक परिवर्तन ल्याउने वास्तविक शक्ति हो।

नियात्रा

# सदाबहार यात्रा : सिलगढी बास-५

✍ - रामप्रसाद पन्त




बेलुकाको खाना पनि सरगम होटेलमै खाएपछि केही साथीहरू टहलिन निस्कियौँ मेनरोडमा। होचा कदका काला अनुहारका पठ्ठा केटाकेटी र युवा जोडीहरू हिँडेका देखिए बाटैभरि। नयाँ सिलगढीका अग्ला भवन र मुख्य बजार हेर्ने सौभाग्य त हामीलाई मिलेन तैपनि पूर्वोत्तर राज्यको मुहान सिलगढी, नेपाल राज्य विस्तारको क्रममा बहादुर शाहले गढीमा सिल गरी फर्केको सिलगढी र पछि अँग्रेजहरूले उच्चारण बिगारेको नाम सिलिगुरी (Siliguri) मा प्रथम पटक पुग्न पाएर औधी आनन्दको अनुभूति भइरह्यो मलाई।

रात्री विश्रामका लागि स्वतः जोडी बन्यो रोचक दाइ र मेरो। यो जोडी यात्रा अवधिभर रात्री विश्राम गर्दा मात्र होइन, बसमा पनि छुटेन। सिलगढीको त्यस लजमा दश बजेपछि सुतेका हामीहरूलाई पटकपटक ढोका ढकढक्याएको आवाजले निद्रा भङ्ग गरिरह्यो। हामीले नसुने झैं गर्‍यौं र खोलेनौं। सिलगढी जस्तो ठाउँमा मध्यरातको त्यो खटखट आवाजले त्रसित बनाइरह्यो हाम्रो मन। तर बलिरहेको जिरो वाटको बत्ती र चलिरहेको पङ्खा समेत बाहिरैबाट बन्द भएपछि र 'हामी लजका मान्छे, मान्छे हराएको खबर गर्न आएको' भनेपछि ढोका खोल्यौं।

साँच्चै नै मानिस हराएकै रहेछ र त्यो हाम्रै मान्छे रहेछ। बाहिरबाट रक्सी खाएर आएका हाम्रै समूहका एक जना कविले लजमा बसेर अरु थप्न नपाएपछि 'खाना राखिदिनू, म एकछिन पनि आउँछु' भनेर हिँडेछन् र बाह्र बजेसम्म नआएपछि मान्छे हराएको सूचना दिन र मूल गेट बन्द गर्नका लागि त्यो अस्त्र प्रयोग गरेका रहेछन्।

यी सबै कुरा हाम्रा टोलीनेतालाई पनि जानकारी गराइयो। हामीले निष्कर्ष निकाल्यौं– 'ती कविका आफन्त सिलगढीमै भएकोले उतै गए होलान्! उनी हराउन्नन्।'

काठमाडौंदेखि सिलगढीसम्मको ६१६ (५८१+३५) किलोमिटर यात्राको थकान मेटाउन ओछ्यानको सहारा लिइरहेको बेला मैले मनमनै गमें– यात्रा रमाइलोका लागि मात्र गरिने होइन, विभिन्न अनुभव र अनुभूति, ज्ञान र शिक्षा हासिल गर्नका लागि पनि गरिन्छ र ती अनुभवहरूलाई पाठकसम्म पुऱ्याउन सकियो भने त्यो भन्दा खुसीको विषय अरु हुन सक्तैन। त्यही अमूल्य सम्पत्ति मैले पाएँ। निद्रादेवीले अँगालोमा नबाँध्दासम्म मेरो मनमा अनेक तरङ्गहरू उठिरहे– महेन्द्र गुरुङले आफ्ना बाबुआमाको नाममा स्थापित रमा-कृष्ण सिर्जना प्रतिष्ठानका तर्फबाट धन, मन र समय खर्च गरेर स्वयम् लगायत रोचक घिमिरे, मातृका पोखेल, लक्ष्मी उप्रेती, जलेश्वरी श्रेष्ठ, यादव भट्टराई, सीताराम गुरुङ, ललिता दोषी, तुलसीहरि कोइराला, जयदेव भट्टराई, दुर्गा दाहाल, ठाकुर शर्मा, विमल बैद्य, पर्वत पोर्तेल र म समेतको १५ सदस्यीय टोलीलाई सप्ताहव्यापी सिक्किम यात्रामा नहिँडाएको भए कहाँ सँगाल्न सकिन्थ्यो– यी सबै अनुभव र अनुभूतिहरू ?

## तिष्ठाको तिरैतिर

आज २०७१ साल चैत्र १४ गते, अर्थात् सप्ताहव्यापी सिक्किम यात्राको तेस्रो दिन।

सिलगढीको गौरव लज अगाडि उभिएका छौं हामी। रिजर्भ गरिएका दुईवटा जीप आउन बाँकी छन्। अलिकति पर खुल्ला सडकको पेटीमा चियाको कित्ली बसालेर ग्राहकको प्रतीक्षा गरेका देखिन्छन् एक जना बङ्गाली भाइ। 'सानो गिलासमा पाँच रुपैयाँ, ठूलोमा दश, इच्छा लागेको खानुस्।' चिया बिक्री गर्ने काइदा राम्रो लाग्छ मलाई। खानेले चाहे अनुसारको परिमाणमा चिया खान पाओस् न! यस्तो सिष्टम देखेको थिइनँ मैले अन्यत्र कतै।

जलेश्वरी दिदी अघि सरेर चिया अर्डर गर्नुभयो – 'को-कसले खाने? भाइहरूलाई खुवाउँछु म चिया।' चार पाँच जनामात्र रहेछौं त्यसबेला हामी। अरु साथीहरू छरिएका थिए बाटोमा वरपर।

चिया खाँदै गर्दा दुईवटा जीप आएर गौरव लज अगाडि उभिए। समय बिहानको आठ बजेको थियो। झोलाहरू जीपको छतमा थन्किँदै गए। चिया खाइसकेर हामी जीपभित्र पस्यौं। दीपक यादव र सुधीर जैसवालले हाँकेका 'माउन्टेन रिडर' र 'पवनपुत्र' नामका जीपहरू अघिपछि भएर प्रधाननगरका गल्लीहरू छिचोल्दै मुख्य सडकमा निस्के र पूर्वोत्तर दिशातिर हानिए। महानन्द पुल आयो। त्यसपछि आयो प्रकाश नगर। केन्द्रीय विद्यालयको भवन राम्रो देखियो बाटो छेउमै। सेवक रोड हुँदै कुदिरहे जीपहरू। आधा घण्टा कट्न पाउँदा नपाउँदै आइपुग्यो सेवक बजार अर्थात् तिष्ठा किनार। तिष्ठामाथि एउटा रेलवे पुल तेर्सिएको देखियो। हामी तिष्ठा नतरीकन तिष्ठाको पश्चिमी किनार हुँदै पहाडी बाटो तिष्ठाको मुहानतिर लाग्यौं।

बागपुल देखियो। पुलको मुखमा दुईवटा बागका प्रतिमूर्ति देखिए। 'आहा! क्या सुन्दर पुल! रोक रोक रोक, जीप रोक। हेर्नुपऱ्यो र फोटो खिच्नुपऱ्यो।' – हाम्रो आवाज घनीभूत भयो।

हामी चढेका दुइवटै जीप कुना लागेर रोकिए। तिष्ठाको वल्लो र पल्लो किनारबाट पिलर उठाएर तिनै दुई पिलरको आधारमा निकै अग्लाइमा बनाइएको रहेछ पुल। हामीले छोडेर आएको अलिकति तलको रेलवे पुलजस्तै यो बागपुल चाहिँ अन्य सवारी साधनहरू चल्ने पुल रहेछ। पूर्वाञ्चल राज्यहरूको सम्पर्क सेतुको रुपमा त्यस पुलले काम गर्दो रहेछ। कसैले त्यस घाँटीलाई 'हेन नेक' पनि भन्दा रहेछन्। अर्थात् कुखुराको घाँटीजस्तै। घाँटी छिनाइदियो भने टाउको र शरीरको सम्पर्कै बन्द।

मैले जीपचालक दीपकलाई सोधिहालें– कति किलोमिटर होला यहाँबाट गुहाटी? उसले भन्यो– करिब ५ सय किलोमिटर। अनि सिलगढीबाट कालिङपोङ नि? उसले त्यसैगरी उत्तर दियो– पैंसठ्ठी।

करिब दश मिनेट अलमलिएपछि हामी पुनः अगाडि बढ्यौं– तिष्ठा किनारै किनार। जाँदाजाँदै तिष्ठा छाडेर हामी एउटा खोचतिर पस्यौं, अर्को खोला भेटियो। त्यसैको किनार पछ्याउँदै जाँदा फेरि तिष्ठा किनारमै पुगियो। कुरो के रहेछ भने तिष्ठाकै पानी खोचतिर पसेर एउटा पहाडलाई परिक्रमा गर्दै पुनः तिष्ठामा मिलेको रहेछ। रमाइलो लाग्यो त्यहाँको भूदृश्य।

एउटा पावर हाउस भेटियो त्यहीँनेर। कालीझोरा भनिँदो रहेछ त्यस ठाउँलाई। अझ अगाडि बढेपछि आइपुग्यो बालुवा खानी। त्यस ठाउँलाई '२९ माइल' भनेर पनि चिनिँदो रहेछ। अर्थात् सिलगढीबाट हामी उनान्तीस माइल यात्रा गरेछौं। त्यस क्षेत्रको तिष्ठा पूरै जलमग्न भएको थियो। हामी सहजै अनुमान गर्न सक्थौं, कालीझोरामा छाडेर आएको पावर हाउसमा पानी खसाल्न बनाइएको जलासय थियो त्यो।

चिया-नास्ताका लागि रोकिए हाम्रा जीपहरू। 'होटल पण्डित'मा पस्यौं हामी। तर टोलीनेताबाट प्रस्ताव आयो– दश बज्न लागिसक्यो, अब के चिया-नास्ता गर्न थाल्ने? खाना नै खाऊँ।' प्रस्तावमाथि असहमत हुनेहरूको मत पनि आखिर सहमतिमै टुङ्गियो।

सम्धीखाना खुवाउने विशेषता राखेको रहेछ होटल पण्डितले। अर्थात् हाम्रो समाजमा सम्धीलाई सबै भन्दा बढी आतिथ्य दिने गरिन्छ। धेरै परिकारहरूको संयोजन भयो भने 'सम्धीलाई जस्तो' भन्ने गरिन्छ हाम्रो समाजमा। त्यस्तै देखें त्यस होटलको चलन पनि। रोटी र भात राखिएका प्रत्येक थालीका वरिपरि सातवटा कचौरा सजिएका थिए र ती कचौराहरूमा तीन/चार थरी तरकारी, दाल, अचार र चट्नीहरू राखिएका थिए। तर के गर्नु, हाम्रो शरीर अनुकूल नभएपछि धेरै परिकारको के अर्थ रह्यो!

खाना खाइसकेपछि हाम्रो यात्रा पुनः अगाडि बढ्यो। हामीले तिष्ठालाई नछाडेर मुहानतिर अभिमुख भयौं। धेरै टाढा रहेनछ तिष्ठा बजार। पाँचै मिनेटमा पुगियो तिष्ठा।

मेरो मनले भन्यो– खाना खानै थियो भने यसै बजारमा खान पाएको भए पनि त हुन्थ्यो! तिष्ठा बजारबाट एउटा बाटो दार्जिलिङतर्फ उकालो लाग्दो रहेछ, अर्को बाटो तिष्ठा तरेर पूर्वी किनार हुँदै उत्तर ...।

हामी पुल तरेर पूर्वी किनारतिर लाग्यौं र सिक्किम जाने तटीय मार्गलाई पनि छाडेर कालिङपोङतिर ठाडै उक्लियौं। त्यही दोबाटोमा ठडिएको बोर्डले जानकारी गरायो– त्यहाँबाट कालिङपोङ १६ किलोमिटर रहेछ।

घना जङ्गलको बाटो सेल घुमे झैं फनफनी घुम्दै उक्लिदै थियो। ठूला ठूला पात भएका अग्ला रुखहरूले ढाकिएको थियो अधिकांश वन। 'के जातका रुखहरू होलान् यस्ता?'– मैले जिज्ञासा राखें।

'टिक' – पर्वत पोर्तेलले जिज्ञासा मेटिदिए। उनले यो पनि भने – 'यी रुखहरूले वरिपरि अरु रुखहरू उम्रन नदिने भएकोले साम्राज्यवादी रुख पनि भन्छन् यी रुखहरूलाई।'

माथि माथि हुँदै जाँदा बाँसका झ्याङ मिसिएका अरु रुखहरू पनि देखिन थाले। एउटा देउराली भेटियो बाटैमा। चित्रेपार्क भनिँदो रहेछ त्यस ठाउँलाई र खुल्ला ठाउँमा भवानीको स्थान पनि बनाइएको रहेछ। पूजा गर्दै थिए भक्तजनहरू।

पूरै जङ्गल, बाँस, रुख र सेउलापातले भरिएको देखिन्थ्यो। मेरो मन बोल्दै थियो – 'मानिसको क्रुर नजर पर्न पाएको रहेनछ यस वनमा र वनले आफ्नो सौन्दर्य जोगाइराख्न सकेको रहेछ।'

वन पातलिँदै गएपछि बस्ती सुरु हुँदै गयो। हामी कालिङपोङ (कालेबुङ) बजारमा प्रवेश गऱ्यौं। साँच्चिकै सुन्दर देखियो माथि डाँडोमा कालिङपोङ। सोचें– कालिङपोङ यति सुन्दर छ भने सिक्किम अझ कति सुन्दर होला!

जीपहरू अन्तिम विश्राम स्थलमा पुग्दा नेपाली साहित्य अध्ययन समिति कालेबुङका अध्यक्ष ज्ञान सुतार र मनोज बोगटीले हाम्रो स्वागत गरे। हामीले आफ्ना झोलाझाम्टा जीपमै राखेर कालिङपोङका लागि छुट्याइएका पुस्तक पत्रिकाहरू मात्र साथमा लिई उनीहरूकै अगुवाइमा संस्थाको कार्यालयमा पुग्यौं।

सन् १९६५ मा स्थापना भएर भारत एकादमी दिल्लीबाट मान्यता प्राप्त गरेको पचास वर्षको इतिहास बोकेको त्यस संस्थाले आफ्नै भवन निर्माण गरेर साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आएको रहेछ। आयोजक संस्था र आमन्त्रित संस्थाबीच समय र कार्यतालिका बारे स्पष्ट हुन नसक्दा हामीले उनीहरूको सौहार्द्रपूर्ण भोजन ग्रहण गर्न सकेनौं र लामो समयसम्म कार्यक्रमको प्रतीक्षा गर्नुपऱ्यो, अर्थात् हाम्रा लागि खाना खाने व्यवस्था कालिङपोङमै गरिएको रहेछ र साहित्यिक कार्यक्रम दुई बजे राखिएको रहेछ, जबकि हामी ११:४५ मा पुगेका थियौं र भोजन पनि गरिसकेका थियौं। *(क्रमशः)*

# के हो लज्जावती झार ?



लज्जाबति झारलाई लाजवंती वा लाजमान्ने झारको नामले पनि चिनिन्छ। यसको बानस्पतिक नाम भने माईमोसा पुदिका हो। हात वा अन्य कुनै बस्तुले छुने बित्तिकै यसको पात ओइलाएर बन्द हुने हुनाले यसलाई लाजवन्ति झार भनिएको हो। गाउँघरतिर यसलाई गाइबस्तुको घाँसको रुपमा पनि प्रयोग गरिन्छ।यस बाहेक यसलाई जडिबुटि वा औषधिको रुपमा पनि प्रयोग गर्न सकिन्छ।

अभुमका हर्बल प्रा लि अहमदाबादका डाइरेक्टर डा दीपक आचार्य यहि झारको औषधिय गुणको बारेमा बिगत १५ बर्षदेखि भारतको बिभिन्न क्षेत्रमा रहेर अध्ययन गरिरहेका छन्।भारतको सुदूर आदिवासी अंचल जस्तै पातालकोट (मध्यप्रदेश), डांग (गुजरात) र अरावली (राजस्थान)का आदिवासिहरुले कसरि परम्परागत रुपबाट यसलाई औषधिको रुपमा प्रयोग गर्दै आएका छन् र र यसले कसरि काम गर्छ भन्ने उनले अध्ययन गरेका छन् र यसलाई प्रमाणित गर्दैछन्।

गन्दे नामक झारको झोलले काटेको ठाउँमा बगेको रगतलाई तुरुन्तै निको बनाए जस्तै लाजवन्ति झारले पनि काटेको घाउलाई निको बनाउँछ। यति मात्रै होइन यो झार बहु उपयोगि छ। यो झारको जराको दुइ ग्राम चूर्ण दिनमा तीन पटक मनतातो पानीसंग खानाले बाबाशिर वा अन्य कारणबाट हुने आन्तरिक घाउ छिट्टै निको हुने आचार्य बताउछन्।

आधुनिक विज्ञानको अनुसन्धान अनुसार भाँचिएको हड्डि रर मांस(पेशिको आंतरिक घाउको उपचारको लागि लाजवन्ति झार अति उपयोगि हुन्छ। त्यस्तै, लाजवन्ति झारको जरा तथा बिउको चूर्णलाई दूधसंग मिलाएर खानाले पुरूषमा हुने हुने वीर्यको कमीलाई धेरै कम गर्दछ। लाजवन्ति झारको पातको धुलोलाई मख्खनसंग मिलाएर बाबाशिरको घाउमा दिनस्को दुइ वा तिनपटक लगाउनाले छिट्तै निको हुन्छ। त्यस्तै, यस्को पातलाई पिसेर नाइटो वरिपरि लगाउनाले धेरै पिसाब आउने समस्या बन्द हुन्छ।

यसको पातको काड(पानी बनाएर खुवाउनाले मधुमेहको रोगिलाई धेरै फाइदा गर्छ। त्यस्तै, यसको बिउको धेउलो बनाएर नियमित सेवन गर्नाले शारिरिक दुर्बलता पनि कम हुन्छ। लाजवन्ति र र अश्वगंधाको जरालाई समान मात्रामा मिलाएर पिस्ने र लेप तयार गरेर स्तनमा हल्का मालिस गर्नाले स्तन झोलिने समस्याबाट मुक्त हुन सकिन्छ। गन्दे नामक झारको झोलले काटेको ठाउँमा बगेको रगतलाई तुरुन्तै निको बनाए जस्तै लाजवन्ति झारले पनि काटेको घाउलाई निको बनाउँछ। यति मात्रै होइन यो झार बहु उपयोगि छ। यो झारको जराको दुइ ग्राम चूर्ण दिनमा तीन पटक मनतातो पानीसंग खानाले बाबाशिर वा अन्य कारणबाट हुने आन्तरिक घाउ छिट्टै निको हुने आचार्य बताउछन्।

आधुनिक विज्ञानको अनुसन्धान अनुसार भाँचिएको हड्डि रर मांस(पेशिको आंतरिक घाउको उपचारको लागि लाजवन्ति झार अति उपयोगि हुन्छ। त्यस्तै, लाजवन्ति झारको जरा तथा बिउको चूर्णलाई दूधसंग मिलाएर खानाले पुरूषमा हुने हुने वीर्यको कमीलाई धेरै कम गर्दछ।

लाजवन्ति झारको पातको धुलोलाई मख्खनसंग मिलाएर बाबाशिरको घाउमा दिनस्को दुइ वा तिनपटक लगाउनाले छिट्तै निको हुन्छ। त्यस्तै, यस्को पातलाई पिसेर नाइटो वरिपरि लगाउनाले धेरै पिसाब आउने समस्या बन्द हुन्छ।

# समाचार संक्षेप

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं महानगरपालिका(७ मैजुबहाल बस्ने ४५ वर्षीय रजुनमान श्रेष्ठ सोही महानगरपालिका(८ स्थित बाग्मती खोलाको छेउमा गएराति मृत अवस्थामा फेला परेका छन्। घरमा कसैलाइ जानकारी नदिई निस्केका उनी मृत फेला परेका हुन्। घटनामा शंकास्पद ४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

नवलपरासी (पूर्व), गैंडाकोट नगरपालिका(६ टोलटोलेस्थित नारायणी नदीको बगरमा हाल नाम, थर, वतन र उमेर नखुलेका पुरूष मंगलबार मृत अवस्थामा फेला परेका छन्।

सल्यान, बनगार कुपिण्डे नगरपालिका(६ चिथौरेस्थित कुले खत्रीको घरमा उनकी साली नाता पर्ने सुर्खेत विरेन्द्रनगर नगरपालिका(१० रहरपुर बस्ने ३४ वर्षीया सपना रावत जैशी मंगलबार मृत अवस्थामा फेला परेकी छिन्। भेटघाटको सिलसिलामा सोमबार चिथौरे आएका सपना र उनका पति कृष्ण प्रसाद जैशी साँझ खाना खाई सुतेकोमा बिहान सपना मृत फेला परेकी हुन्।

पर्सा, बीरगंज महानगरपालिका(१० स्थितकलवार धर्मशालाको कोठा नम्बर १ मा बस्दै आएका सोही महानगरपालिका(८ गहवा बस्ने ६५ वर्षीय बिश्वनाथ प्रसाद साह कानु सोही कोठामा मंगबार मृत अवस्थामा फेला परेका छन्।

## करेन्ट लागेर बालिकाको मृत्यु

सिरहा। लहान नगरपालिका(१७ एकरतिया टोल बस्ने ब्रहमदेब चौधरीको छोरी १३ वर्षीया अनिषा चौधरीको करेन्ट लागेर मंगलबार बेलुका मृत्यु भएको छ। कलबाट मोटर लगाई खेतमा पानी पठाउने क्रममा करेन्ट लागि उनको घटनास्थलमै मृत्यु भएको हो।

## आगलागीबाट विभिन्न धनमाल नष्ट

काठमाडौ। काठमाडौं, टोखा नगरपालिका(४ धापासी भेटघाट चोकस्थित ६० वर्षीय अशोक दोस्तीको जग्गमा रहेका ५ वटा कच्ची सटरमा मंगलबार राति आगालागी हुँदा बेकरी समान, मेसिन, लिकुईड सप र चिया पसल समेत जलेर करिब २५ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

बागलुङ, ढोरपाटन नगरपालिका(२ अर्नाकोट बस्ने ३७ वर्षीय मन बहादुर महतको घरमा मंगलबार बेलुका आगलागी भएको छ। स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रणमा आएको छ साथै क्षतिको विवरण आउन बाँकी रहेको छ।

नवलपरासी (पश्चिम), बर्दघाट नगरपालिका(१ माकरस्थित सडकमा लु.१ ख ६५२३ नम्बरको माईक्रोबसमा अचानक तार सर्ट भई मंगलबार राति आगलागी हुँदा माईक्रो बस जलेर करिब ९ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

# एसियाको मानचित्रमा यसरी उदायो इजरायल



विष्णु भट्टराई

पेट्रोलियम पदार्थ र खनिज सम्पदाको अखण्ड भण्डारले भरिपूर्ण पश्चिम एसिया इतिहासको आरम्भदेखि नै धर्तीको एउटा महत्वपूर्ण क्षेत्रको रुपमा रहिआएको छ । एसिया र अफ्रिका, युरोप र सुदूरपूर्व साथै युरोप र अफ्रिकाको मध्यभागमा रहेको पश्चिम एसिया प्राचीन दुनियाँको प्रमुख केन्द्रबिन्दु हो । पूर्व र पश्चिम बीचको सेतुको रुपमा रहेको पश्चिम एसिया सामरिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण रहेकैले नेपोलियन, हिटलर, कैसर, विलियम द्वितीय, सिकन्दर महानजस्ता साम्राज्यवादी शासकहरूले विश्वविजयको अभियानमा यस क्षेत्रलाई मुख्य लक्ष्य बनाएका थिए । अहिले मध्यपूर्व भनेर चिनिने क्षेत्र नै पहिले पश्चिम एसिया क्षेत्रका रुपमा परिचित थियो ।

मध्यपूर्व शब्दको प्रयोग सन् १९२१ देखि गरिँदै आएको हो । मध्यपूर्वले पहिले प्यालेस्टाइन, मिश्र, सिरिया, अरब, इराक र जोर्डनको मात्र प्रतिनिधित्व गर्थ्यो । तर अहिले मध्यपूर्वले दक्षिण पश्चिमको अधिकांश मुलुकहरूलाई आफूभित्र समेटेको छ । प्यालेस्टाइन युद्ध, अरब इजरायल युद्धका रुपमा चर्चामा आइरहेको मध्यपूर्व धार्मिक दुनियाँमा पवित्र भूमि भनेर चिनिने इजरायल, इसाइ, मुसलमान, यहुदी, जोराष्ट्रियन र बहाई आदि महत्वपूर्ण विश्वप्रसिद्ध धर्महरूको लागि महान् तीर्थस्थल रहिआएको छ । यही धार्मिक महत्वको प्रसंगकै कारण इजरायल युगौंयुगसम्म चर्चाको धरोहर रहिरहने कुरा निश्चित छ ।

अरबको मरुभूमिमा भेडा र उँटको बथान लिएर घुमन्ते जीवन बिताइरहेका यहुदीहरू १४०० देखि १२०० वर्षको बीचमा प्यालेस्टाइनमा प्रवेश गरेको मानिएको छ । त्यसबेला प्यालेस्टाइनको नाम कन्नान थियो । त्यसबेला हजारौं यहुदीहरू मिश्रमा दास बनाइएका थिए । यहुदी धर्मका संस्थापक मुसा (मोजेर) ले मिश्रमा दास बनिरहेका यहुदीहरूलाई मुक्त गरेर प्यालेस्टाइन ल्याए । त्यसबेला दक्षिणतर्फको कनाविनी नगरमाथि उनीहरूले प्रभुत्व जमाए ।

इसापूर्व १२२० तिर साउलको नेतृत्वमा राजतन्त्रको स्थापना गरे । करिब इ.पू.१००० तिर साउलका उत्तराधिकारी डेभिडले ऐतिहासिक नगर जेरुसेलमलाई पनि कब्जामा लिएर उत्तर दक्षिण दुवैलाई मिसाएर एकीकृत प्यालेस्टाइन राज्यको निर्माण गरे । डेभिडका छोरा सलोमनले प्यालेस्टाइनलाई एक व्यापारिक शक्तिका रुपमा विकसित गरे । बाइबल युगको १३०० वर्ष पूर्व प्यालेस्टाइनका सबै जनता यहुदी थिए । यहुदीहरूको स्वतन्त्र राज्य थियो पनि भनिन्छ । सलोमन कलाकौशलका पारखी थिए । नगरलाई उनले झकिझकाउ बनाएका थिए । यिनैले जेरुसेलममा ईश्वरको विशाल मन्दिर निर्माण गरेका थिए ।

सलोमनको मृत्युपछि यहुदी राज्य उत्तर र दक्षिण गरी दुई भागमा विभाजित भयो । सामरिक राजधानी भएको इजरायल र जेरुसेलम राजधानी भएको जुडाह । सलोमनका छोरा हिरवम जुडाहाका राजा बने भने उत्तरको विद्रोहीहरूले जोरोबमलाई गद्दिसीन गराए र इजरायल राज्यको नाम राखे । यी दुई राज्यमध्ये इजरायल सम्पन्न र सभ्य थियो भने जुडा कमजोर राज्य थियो । उसको हातमा जेरुसेलम मात्र रहेको थियो । पछि दुई शताब्दीसम्म यी दुवै देशहरू अस्तित्वमा रहे । पछि जेहु नामक एक अधिकारीले दुई राज्यबीचको मनमुटाबाट फाइदा उठाउँदै दुवै राज्यका राजाहरूको हत्या गरिदिए । इ.पु. ५८६ मा जुडाहमाथि बेबिलोलियनहरूले आधिपत्य कायम गरे । पछि असिरियाका सम्राट तिगलत पिलेसर प्रथमले इजरायलमाथि आक्रमण गरी आफ्नो कब्जामा लिए । रोमनहरूले यहुदीहरूको मन्दिर भत्काइदिएर त्यहाँका यहुदीहरू विस्थापित भएर युरोपका विभिन्न देशहरूमा छरिए । उनीहरू जहाँ पुगे त्यहाँ साहित्य, कला र विज्ञानको विकासमा ठूलो टेवा पुऱ्याए । अलबर्ट आइन्स्टाइन पनि यहुदी नै थिए । यही कारण यहुदीहरू संसारका सबैभन्दा बुद्धिमानी जातिमा गनिन पुगे । अहिले यिनै यहुदीहरूको इसारामा अमेरिकाको विदेशनीति चलि रहेको छ ।

अमेरिकाका अधिकांश पुँजीपति, व्यापारी र उद्योगपतिहरू यहुदीहरू नै रहेका छन् । जर्मन तानाशाह हिटलरको आदेशमा होलोकष्ट नामक यहुदी विनाश गर्ने नाजी कार्यक्रम सञ्चालन गरेका थिए । होलोकष्टले १५ लाख बालबालिकासहित करिब ६० लाख यहुदीहरूको निर्ममतापूर्वक ज्यान लिएको थियो । यही समयमा यहुदीहरू ज्यान बचाउन भागेर अमेरिका पुगेका थिए । दोस्रो विश्वयुद्धको समाप्तिपछि पनि ब्रिटेनले यहुदी अध्यागमनको कोटामा लगाएको हदबन्दी फुकुवा गरेन । यसको जवाफमा इजरायल भूमिका यहुदीहरू तथा विश्वभरिका यहुदी समुदायले आफ्नो स्रोत र साधन जम्मा गरी गैरकानुनी अध्यागमनको एक संगठित नेटवर्कको आयोजना गरे । अलिया बेट नाम दिएको यो नेटवर्कबाट करिब ८५ हजार युरोपेली यहुदी शरणार्थीहरू इजरायलमा प्रवेसिन सफल भए ।

प्यालेस्टाइन सभ्यताको नयाँ केन्द्र स्थापना भएकै समयमा जेरुसेलम नगरको पनि स्थापना भएको मानिन्छ । प्यालेस्टाइनलाई यहुदी इसाइहरू पवित्र भूमि मान्छन् र श्रद्धा गर्दैछन् । त्यसैगरी नै मुसलमान धर्मावलम्बीहरू पनि अरबहरू पनि उत्तिकै श्रद्धा गर्छन् । यहुदी र अरबहरू दुवै यहाँका प्रथम बासिन्दा भनेर दाबा गर्छन् । इसा मसिहाको जन्म जेरुसेलममा भएको थियो । डेबिड राजाको समयमा यहुदीले नै उसलाई क्रसमा झुन्डयाएको भनाइ छ । इसाले सिनागोव (यहुदी मन्दिरमा) आफ्नो जुन विचार अभिव्यक्त गरेका थिए, त्यसलाई यहुदीहरूले आफ्नो विरुद्ध ठाने र क्रुद्ध यहुदीहरूले डेबिडको आदेशअनुसार इसालाई क्रसमा टाँगेका थिए । १६ औं शताब्दीदेखि प्रथम विश्वयुद्धसम्म यो नगर अटोमन साम्राज्यको अधिनस्थ थियो ।



हिटलरले सन् १९३३ मा यहुदी समाप्त पार्ने अभियान चलाएपछि यसबाट प्रभावित भएका यहुदीहरू प्यालेस्टाइन प्रवेश गर्न थाले । विश्व यहुदी संगठनले अमेरिकी यहुदीहरूको आडमा सन् १९४२ मा वाल्टिमोर कार्यक्रम अगाडि ल्याउँदै प्यालेस्टाइनमा यहुदी राज्यको माग गरे । डबिड बने गुरियोले आतंकवादी कार्यक्रम नै सञ्चालन गर्न थाले । सन् १९३९ मा २० लाख यहुदीलाई प्यालेस्टाइन प्रवेश गराउने उद्घोषण गरे । प्रथम विश्वयुद्धसम्म तुर्क र तातरविरुद्ध प्यालेस्टाइनहरूले रगत बगाए । १९२२ मा तुर्कले प्यालेस्टाइन कब्जा गऱ्यो । यसले बेलायती उपनिवेशवादको हैकम स्वीकार्न बाध्य हुनुपऱ्यो । ब्रिटिसको शासनकालमा अमेरिका, रुस र युरोपबाट लाखौं यहुदीहरूलई प्यालेस्टाइनमा प्रवासमा ल्याउने काम गरियो । अरबहरूको बाहुल्यता भएको प्यालेस्टाइनमा सन् १९३० मा आइपुग्दा ३ लाख यहुदीहरूको संख्या पुग्यो । जबकि यसअघि प्यालेस्टाइनमा ५ लाख अरबहरू रु. ५० हजार यहुदी मात्र थिए ।

आफ्नै राज्यभित्र अल्पमतमा पर्न नयाँ इजरायली राज्यको घोषणा गरियो । घोषणाको ११ मिनेटपछि अमेरिका र ब्रिटेनले यसलाई वैधता स्वीकार गरे । ऐतिहासिक सन् १९५९ मा इजरायल र ट्रान्स जोर्डनले परिकल्पित प्यालेस्टाइन भागबन्डा गरे । यसले ट्रान्स जोर्डनको भूमि वृद्धि भयो र जोर्डन नदीको पूर्व र पश्चिम दुवै मात्र प्राप्त भएपछि यसको नयाँ नाम नै जोर्डन रहन गयो ।

सन् १९६७ मा इजरायल र अरब मुलुकहरूबीच भयंकर युद्ध भयो । सन् १९५६ मा मिश्रले स्वेज नहरमा इजरायली जहाजमाथि रोक लगायो र इजरायल, फ्रान्स र ब्रिटेनले मिश्रमाथि आक्रमण गरेका थिए । सन् १९७९ मा मिश्र र इजरायलबीच एउटा सम्झौता भयो । जसलाई क्याम्प डेभिड सम्झौताले जानिन्छ । यस सम्झौतामा पश्चिमी किनारा र गाजा क्षेत्रलाई स्वायत्तता प्रदान गर्ने, इजरायलले साइन नदी क्षेत्रबाट आफ्ना लडाकु दस्ता हटाउने आदि कुराहरू उल्लेख गरिएको थियो । तर यो सम्झौतालाई अरब राष्ट्रहरूले बहुपक्षीय नभएको भनी सहमति जनाए । सं. राष्ट्र संघको महासभाले पनि क्याम्पस डेभिड सम्झौताको भर्त्सना गऱ्यो ।

राष्ट्रपति इसाइ र प्रधानमन्त्री मुसलमान हुन अनिवार्य देश लेबनानमा सन् १९७५ मा डरलाग्दो गृहयुद्ध भयो । यस समान अधिकारका साथ रहन सक्ने राज्यको अवधारणा अघि सार्‍यो । इजरायलीहरूले प्यालेस्टिनीहरूमाथि हिंसात्मक क्रुर दमन चलाउने नीति लिएपछि प्यालेस्टाइनहरूले आफ्ना राज्यहरूलाई मुक्त गर्ने एउटै उपायको रुपमा सशस्त्र संघर्ष सञ्चालन गर्न थाल्यो । पीएलओलाई सन् १९७४ मा अरब लिगको शिखर सम्मेलनले प्यालेस्टाइनीको वैधानिक संगठनको रुपमा मान्यता दियो । संयुक्त राष्ट्र संघले पनि यासेर अराफतलाई साधारणसभामा पर्यवेक्षकको रुपमा निमन्त्रण गऱ्यो । यासेर अराफत एक हातमा जैतुनको हाँगो (शान्तिको प्रतीक) र स्वतन्त्रता सेनानीको बन्दुक बोकेर राष्ट्रसभालाई सम्बोधन गर्ने मौका पाए । उनको हैसियत अन्य राष्ट्राध्यक्ष सरह रह्यो ।

राष्ट्रसंघले प्यालेस्टाइनीहरूको अस्तित्व स्वीकार गरी प्यालेस्टाइन भूमिबाट हट्न दबाब दिए पनि इजरायल टेरेन । न त इजरायल विरुद्ध सं.रा.संघले कुनै कडा कदम नै चाल्न सक्यो । आखिर सन् १९९३ सेप्टेम्बर १३ मा इजरायलले प्यालेस्टाइनीहरूको अस्तित्व स्वीकार गऱ्यो । नेता अराफत र





यहुदीहरूका आराध्यदेव यहोवा हुन् । उन्नाइसौं शताब्दीमा आइपुग्दा यहुदीवादले राजनीतिक आन्दोलनको रुप लियो । १८८० को समयमा रुसीहरू यहुदीहरूलाई मार्ने अभियानमा लागे । सुरक्षित बासस्थानको खोजीमा हजारौं यहुदीहरू प्यालेस्टाइन प्रवेश गरे । थियोडर हर्जलको अध्यक्षतामा स्वीटजरल्यान्डको ब्रासेल सहरमा सन् १८९७ मा यहुदीहरूको अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो । यही सम्मेलनले विश्व यहुदी संगठनको स्थापना गऱ्यो । यसका शाखाहरू विश्वमा विस्तार भए ।

यहुदी नेता हर्जलले यहुदी राज्य नामक पुस्तक लेखे । उनले उक्त पुस्तकमा यहुदीहरूको स्वतन्त्र राज्य स्थापना गर्न प्राचीन पैतृक भूमि प्यालेस्टाइनको आवाज बुलन्द गरे । यसका लागि हर्जलले आन्दोलन नै छेडे । बीसौं शताब्दीको सुरुसम्ममा यहुदी राज्यको आन्दोलन तीव्र गतिमा अघि बढ्यो । १९१७ नोभेम्बर २ मा प्रकाशित प्रसिद्ध वालफेरि घोषणापत्रमा प्यालेस्टाइनमा स्वतन्त्र यहुदी राज्य स्थापना गर्ने उल्लेख गरियो । तत्कालीन ब्रिटिस विदेशमन्त्री लर्ड वालफोर यसका अगुवा बनेका थिए । थालेपछि अरबहरूले १९३६ मा विद्रोह गरे । यो विद्रोहलाई शान्त पार्न ब्रिटिस प्रशासनले प्यालेस्टाइनलाई ३ भागमा बाँडिदियो । तर अरबहरूको कडा विरोधपछि यो योजना त्यत्तिकै खेर गयो । छुट्टै राज्य स्थापना हुने भएकाले यहुदीहरूले भने यस योजनालाई स्वागत गरेका थिए । प्यालेस्टाइनमा यहुदीहरूको आगमन बाक्लिन थालेपछि अरब राष्ट्रहरूले तीव्र रोष प्रकट गर्न थाले । प्यालेस्टाइन राज्यका अरब र यहुदी ब्रिटिस उपनिवेशवादलाई प्यालेस्टाइनबाट लखेट्न चाहन्थे । सन् १९४८ सम्म इजरायल नामको कुनै पनि राज्य एसियाको मानचित्रमा थिएन । दोस्रो विश्वयुद्धको समाप्तिपछि प्यालेस्टाइन समस्याको समाधान गर्न अभिभारा संयुक्त राष्ट्रसंघले लियो । सं.रा.संघले सन् १९४७ मा प्यालेस्टाइन भूमिमा यहुदी र अरबी दुई अलग राज्य स्थापना गर्ने निर्णय लियो । ब्रिटिस म्यान्डेटको म्याद समाप्त भइसकेको र राष्ट्रसंघले आफ्नो निर्णय लिनै लागेको मौका पारी अमेरिका र ब्रिटेनको आडमा सन् १९४८ को मे १४ मा तेल अबिबमा प्यालेस्टानी भूमि इजरायली नक्साभित्र यसरी कैद गरियो । प्यालेस्टानीहरू अब आफ्नै मुलुकमा शरणार्थी बन्न पुगे । यहुदी राज्यको स्थापनाले इजरायल र अरब राज्यहरूको बीचमा शत्रुता उत्पन्न भयो र सन् १९४९ मा अरब इजरायल युद्ध छेडियो ।

इजरायललाई अमेरिकाले युद्ध खर्च र अत्याधुनिक अग्नियन्त्रको सहयोग गऱ्यो । इराक, सिरिया, लेबनान, साउदी अरब, मिश्र, जोर्डन आदि अरब मुलुकहरूले प्यालेस्टाइनलाई सहयोग गरे । उनीहरू प्यालेस्टाइनलाई अरबमा फिर्ता गर्न चाहन्थे । युद्धले लाखौंलाख प्यालेस्टानइहरू शरणार्थी बन्न पुगे । तीन लाख अरबीहरू इजरायलबाट विस्थापित गरियो । सन् १९४९ मा सं.रा.संघको अग्रसरतामा अरब राज्यहरू र इजरायलबीच युद्धविराम सम्झौता भयो । विस्थापित भएका अरबीहरूलाई इजरायलले पुन:स्थापना गर्न अस्वीकार गऱ्यो । बाँकी प्यालेस्टाइन भूमि पाएका २ लाख प्यालेस्टाइनलाई बसोबास गराउने इजरायलले नयाँ प्रस्ताव ल्यायो । गृहयुद्धमा शरणार्थी प्यालेस्टाइनहरूले मुसलमानहरूलाई साथ दिए । प्यालेस्टाइनहरूको स्थिति सुदृढ देखियो । तब इजरायलले १९७८ मा लेबनानमाथि आक्रमण गऱ्यो । अपरेसन लिटानी नाम जुन इतिहासमा परिचित छ । यसको उद्देश्य प्यालेस्टानीहरूको बढ्दो शक्तिलाई खत्तम गर्नु थियो । १९८२ मा लण्डनमा इजरायली राजदूत एलोमो अर्गभको हत्याको दोष प्यालेस्टाइनीहरूमाथि लगाइयो । लेबनानमाथि बम बारुद पडकाइए । प्यालेस्टाइन सैनिक अखडाहरू ध्वस्त गऱ्यो, इजरायलले । यहीँबाट पीएओको कार्यालय ट्युनिसमा सारियो ।

सन् १९६४ मा ४२२ जना प्रतिनिधि समावेश भएको प्यालेस्टाइनी राष्ट्रिय परिषद्ले प्यालेस्टाइन मुक्ति संगठन पीएओ स्थापना गऱ्यो । यहीँदेखि आफ्नो मातृभूमिका लागि प्यालेस्टाइनीहरू संगठित रुपमा इजरायलविरुद्ध लड्न थाले । सन् १९६९ मा यासिर अराफातले पीएलओको अध्यक्षको पद सम्हाले । पीएलओले मुसलमान, यहुदी, इसाइहरू इजरायली प्रधानमन्त्री इतयाजक रविनले अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको पहलमा वाशिंगटन सम्झौतामा हस्ताक्षर गरे । यो सम्झौता अन्तर्गत इजरायलले सन् १९६७ मा हत्याएको भूमिमध्ये गाजा र जेरीको सहरलाई प्यालेस्टाइनी स्वशासनलाई सुम्पिने निर्णय गरियो । यही सम्झौताका कारण प्रम रविनले प्राण नै गुमाउनुपऱ्यो । हेब्रोन हत्याकाण्ड मच्चियो । अराफतलाई पनि फतहले राष्ट्रद्रोहीको संज्ञा दियो । इन्तिफादा आन्दोलन चलिरह्यो । वाशिंगटन सम्झौता पछि कार्यान्वयनमा ल्याउन इजरायलले कन्जुस्याइँ गऱ्यो । अहिले पनि जेरी सहरको आकार, यहुदी बस्तीहरूको सुरक्षा, प्यालेस्टाइनी प्रहरीहरूको संख्या पश्चिमी किनारमा राख्ने रक्षक आदि विषयलाई लिएर इजरायल र प्यालेस्टाइनबीच गोलाबारी भइरहेको छ । यद्यपि यसबेला सीमित रुपमा प्यालेस्टाइन राज्यको अस्तित्व रहेको छ । राष्ट्रपति अराफत छन् । सिंगो प्यालेस्टाइन राज्यको स्थापना हुन अझै बाँकी छ ।

*एजेन्सीको सहयोगमा*

प्रेरक

## प्राणीको उपयोगिता

एक पटक एक राजाले संसारमा कुन-कुन जीव पटक्कै उपयोगी छैनन्, तिनको खोज, अनुसन्धान गर्न आफ्ना कर्मचारीलाई आदेश दिए। राजाको आदेशअनुसार लामो खोज, अनुसन्धानपछि कर्मचारीले विशेष प्रतिवेदन तयार गरेर राजालाई बुझाए। प्रतिवेदनमा जंगली झिँगा र माकुरा पटक्कै उपयोगी नभएको उल्लेख थियो। प्रतिवेदन पढिसकेपछि राजाले मनमनै सोचे- कुनै उपयोगमा आउन नसक्ने झिँगा र माकुरालाई नष्ट गर्नुपर्ला। यिनलाई बेकारमा किन राखिरहनु ?

यसैबीच ती राजाको राज्यमा अर्को एक शक्तिशाली राज्यका राजाले आक्रमण गरे। युद्धमा उनको हार भयो। उनी ज्यान बचाउँदै भागेर एउटा घना जंगलमा पुगे। शत्रु राजाका सिपाही उनलाई खोज्दै पछि लागे। भाग्दाभाग्दै राजा जंगलको भित्री भागमा पुगे। उनी निकै थाकिसकेका थिए। तिर्खा पनि लागेको थियो। एउटा खोल्सामा पानी पिएर उनी नजिकैको रूखको शीतल छहारीमा पल्टिए। थकाइले चुर भएका राजा एकै छिनमा भुसुक्कै निदाए।

राजा निदाएको धेरै बेर भएको थिएन, एउटा जंगली झिँगाले उनको नाकमा टोकिदियो। पीडाले रन्थनिँदै उठेपछि उनलाई लाग्यो- ओहो! यसरी खुला स्थानमा सुतियो भने शत्रु सेनाले एकैछिनमा भेटिहाल्छ नि! यस्तो सोचेर उनी अघि बढे। नजिकै गुफा भेटियो। उनी गुफाभित्र पसे। राजा भित्र पसेपछि एउटा माकुरो गुफाको मुखमा जाल बुन्न थाल्यो। केहीबेरमा जाल पनि तयार भयो। शत्रु सेना राजालाई खोज्दै त्यहीँ आइपुगे। गुफाको मुखमा माकुराको जाल देखेर एक सिपाहीले भने( त्यो गुफामा त माकुराको जाल जस्ताको तस्तै छ। राजा यहाँ आएको थियो भने त यो जाल नष्ट भइहाल्थ्यो नि! ‘हो हो’ भन्दै सिपाहीहरू अर्कैतिर लागे। गुफामा लुकेका राजाले यो सबै सुनिरहेका थिए। उनलाई लाग्यो- यो संसारमा कुनै पनि प्राणी उपयोगहीन हुँदैन रहेछन्। आज जंगली झिँगा र यो माकुरो नहुँदो हो त मेरो प्राण गइसकेको हुने थियो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। काममा विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ।

### वृष

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला। व्यवसायमा लगानी थप्नुपर्ने हुन सक्छ। खर्चिलो काम थाल्नाले धेरै रकम जुटाउनुपर्ला। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला। खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। आफ्नो कामको फल अरूले हत्याउने चेष्टा गर्नेछन्।

### मिथुन

कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। आम्दानीका विभिन्न स्रोत देखिए पनि सोचेको फाइदा नहुन सक्छ। लगानीतर्फ लागत बढ्नेछ। आफ्नो लाभांशमाथि अरूले दाबी-विरोध गर्न सक्छन्। ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला। पछिका लागि गरिएको मेहनत र लगानीले अवश्यै फाइदा दिनेछ।

### कर्कट

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। नोकरी तथा व्यवसायमा विशेष फाइदा हुनेछ। भौतिक साधनहरू संग्रह हुनेछन्। विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता समेत बढ्न सक्छ। सामाजिक प्रभाव पनि बढ्नेछ। आफ्नो वर्ग वा क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ।

### सिंह

रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। सानो प्रयत्नले धेरैको भलाइ हुन सक्छ। सामाजिक वादविवाद सुल्झाउने जिम्मेवारी आउन सक्छ। चुनौतीहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ। श्रम परे पनि विशेष उपलब्धि हासिल हुनेछ। भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ। भौतिक उपलब्धिले उत्साह जगाउनेछ।

### कन्या

काम रोकिनाले परिस्थिति केही असहज बन्नेछ। स्वास्थ्यका लागि आहार-विहारमा ध्यान दिनुपर्ला। व्यस्तता बढ्नेछ भने शारीरिक समस्याले कमजोरी अनुभूति हुनेछ। व्यावहारिक समस्याले कामको मेसो मिलाउन नसकिएला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। गोपनीयतामा अलि सजग रहनुहोला।

### तुला

व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। घुमफिर तथा मनोरञ्जनको समय छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। सोखले खर्च भने बढाउन सक्छ। औपचारिकता र उपहारमा पनि अधिक खर्च हुनेछ। आँटेका काममा साथीभाइबाट सहयोग मिल्नेछ।

### वृश्चिक

भौतिक साधन जुट्नाले काम बन्नेछ। साहसी काम गरेर लाभ उठाउन सकिनेछ। परिस्थितिले प्रतिपक्षीहरू नै सहयोगी बन्नेछन्। विश्वास नलागेको काम समेत बन्न सक्छ। चुनौती चिर्दै फाइदा उठाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। दुश्मनी गर्नेहरूले पनि मित्रताका हात अघि बढाउनेछन्। प्रतिष्ठित काम शुभारम्भ हुनेछ।

### धनु

मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ। सहपाठीहरूलाई उछिन्दै पुरस्कार, प्रशंसा आदि प्राप्त गर्न सकिनेछ। व्यापारमा फाइदा हुनेछ। पशुपालन र कृषिमा लाभ मिल्नेछ। सन्तानको साथले उत्साह जगाउनेछ।

### मकर

आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ। आफन्त र परिवारजनलाई समय दिनुपर्ने हुन सक्छ। कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ। तर, फाइदा मात्र हेर्दा नाम बिग्रन सक्छ। बलजफ्तीले काम बिग्रन सक्छ। पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ।

### कुम्भ

विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर पनि नयाँ काममा जग बसाउने मौका छ।

### मीन

सुखद समाचारले उत्साह जगाउनेछ। बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। सहयोगीहरूले हिम्मत दिलाउनेछन्। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ्।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Lustrous = चम्किलो She is beautiful not because of her face but for her lustrous eyes (अनुहारको कारणले नभै चम्किला आंखाका कारण तिनी सुन्दरी छिन )

Musty = उमेर वा समयको कारण देखिएको वुढ्यौली वा थोत्रोपन Most of the palaces constructed during Rana period have now been musty (राणाकालमा वनेका धेरैजसो दरवारहरू अहिले थोत्रा भएका छन् )

Noisome = गनाउने The dumping of solid waste has turned the atmosphere of entire area noisome (फोहर थुपार्ने कार्यले गर्दा पुरै वातावरणलाई दुर्गन्धपूर्ण वनाएको छ )

Ovation = गडगडाहट ताली When renowned actor came on the stage, he was greeted by tremendous ovation (जव लोकप्रिय कलाकार स्टेजमा आए, सबैले उन्लाई गडगडाहट तालीले स्वागत गरे )

Precursor/Forerunner = अग्रज, पुर्खा Tenzing and Hillary are considered precursor/forerunner of mountaineering expedition (तेन्जिंग र हिलारीलाई पर्वतारोहणको अग्रज मानिन्छ )

Quaint = पुरानो ढांचाको, परंपरागत There are still families that encourage the wearing of quaint clothes by the bridegroom during wedding ceremony (अझै पनि यस्ता परिवार छन् जस्ले विवाहोत्सवमा दुलाहालाई परंपरागत लुगा लगाउन प्रोत्साहन गर्दछन् )

Rummage = गहिरिएर खोज्नु, खानतलास गर्नु As they rummaged through the abandoned house, they found many old utensils (परित्याग गरिएको घर खानतलास गर्दा धेरै पुरानो भाडाहरू फेलापरे )

Striated = चिरा परेको The earthquakes left the area highly striated (भूकम्पले जमिनलाई वेस्सरी चिरा पारिदियो )

Tumult = दंगा Because of the tumult of the mob many people lost their lives (भिडमा भएको दंगाले गर्दा धेर मानिसले आफ्नो ज्यान गुमाए )

Unscathed = सकूशल Very few soldiers came back unscathed after suppressing the insurgent (विद्रोहीहरूलाई दवाई थोरैमात्र सरकारी सेना सकूशल घर फर्के)

## Read बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Read situation = अवस्था बुझ्नु How do you read present political situation? तिमी वर्तमान राजनीतिक अवस्था कसरी बुझिराछौ ?

Read palm = हात हेर्नु Reading palm is his profession हात हेर्नु उस्को पेशा हो।

Read sign = संकेत बुझ्नु Here is no sign to read whether one may park यहा गाडी पार्क गर्न पाइन्न भन्ने कुनै संकेत नै बुझिन्न।

Read meter = मिटर चढनु Meter reads that we have consumed more unit this month यो महिना वढि मिटर चढेछ।

Read poem = कविता वाचन गर्नु His art of reading poem is like singing (उस्को कविता वाचन गर्ने तरिका गीत गाए जस्तै छ।

Read someone = भनेको बुझ्नु Do you read me well ? (तिमीले मलाई राम्रै बुझिरा छौ ?

Read word = भनेर पढनु Read neat instead of nest of the third line (तेश्रो लहरको शब्द Nest होइन Neat भनेर पढ )

Read clause = धाराले भन्नु The clause reads clearly that Prime Minister in majority can not dissolve the parliament (बहुमत प्राप्त प्रधानमंत्रीले संसद विघटन गर्न सक्तैन भन्नेकुरा धाराले स्पष्टै भन्छ)

Read between the lines = वारंवार पढ्नु Although she read between the lines she could not understand the meaning (हरफहरू वारंवार पढेता पनि तिन्ले अर्थ बुझ्न सकिनन)

Read some body like a book = स्पष्ट बुझ्नु They read each other like a book (तिनीहरू एक अर्कालाइ स्पष्टै बुझछन् अथवा उनीहरू वीच बुझाइमा स्पष्टता छ, फरक छैन )।

## समाचार संक्षेप

### अवलोकन भ्रमण सम्पन्न

काठमाडौं। नेपाली सेना सैनिक कमाण्ड तथा स्टाफ कलेज शिवपुरीमा तालिमरत सि.सं. २७ का ६९ जना अधिकृतहरूबाट प्रहरी प्रधान कार्यालयको बुधबार अवलोकन भ्रमण सम्पन्न भएको छ। सो क्रममा उहाँहरूले प्रहरी प्रधान कार्यालयस्थित कमाण्ड सेन्टर, केन्द्रीय पोलिग्राफ शाखा, डाटा सेन्टर, केन्द्रीय फरेन्सिक ल्याब र सङ्ग्राहलय समेतको अवलोकन गर्नुभयो।

उक्त अवसरमा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले तालिमरत अधिकृतहरूले प्रहरी प्रधान कार्यालय भ्रमण गरेकोमा खुसी व्यक्त गर्नुभयो। भ्रमणका क्रममा अधिकृतहरूले प्रहरी प्रधान कार्यालयभित्र आवश्यक जानकारी प्राप्त गरेको विश्वास उहाँले व्यक्त गर्नुभयो। सबै सुरक्षा निकायबीच आपसी सहयोग र समन्वय हुनुपर्नेमा जोड दिँदै उहाँले यसबाट शान्ति सुरक्षा एवं विपद् व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्न सकेको बताउनुभयो।

### जबरजस्ती करणी अभियोगमा पक्राउ

बैतडी। दोगडाकेदार गाउँपालिका(७ बस्ने करिब १८ वर्षीया भागरथी भट्टलाई जबरजस्ती करणी पछि हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने १६ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बैतडीमा बुधबार आयोजित पत्रकार सम्मेलनमा अभियुक्त किशोरलाई सार्वजनिक गरियो।

गत माघ २१ गते सनातन मावि श्रीकोटमा अध्ययनको लागि गएकी भागरथी स्कुल बिदा भएपछि घर नआएकी र फोन स्वीच अफ भएपछि खोजी गर्ने क्रममा माघ २२ गते दिउँसो सोही ठाउँस्थित लडालेक भन्ने लबलेक जंगल सडक छेउ भन्दा करिब ३० मिटर तल टाउकोमा चोट, घाँटीमा दबाए जस्तो डाम, खुट्टाको औंलामा निल डाम घाउ र योनीबाट रगत जस्तो पदार्थ बगेको अवस्थामा मृत फेला परेकी थिइन्।

### मोटरसाइकल चोरी गरेको अभियोगमा पक्राउ

भक्तपुर। मोटरसाइकल चोरी गरेको अभियोगमा ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ओखलढुंगा लिखु गाउँपालिका(९ बस्ने २२ वर्षीय कुल बहादुर तामाङ, ओखलढुंगा खिजी देम्बा गाउँपालिका(२ बस्ने २८ वर्षीय पञ्चमान तामाङ, ओखलढुंगा लिखु गाउँपालिका(९ बस्ने २४ वर्षीय गोबिन्द गौतम रहेका छन्। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाको समन्वयमा ओखलढुङ्गाबाट पक्राउ गरिएको हो।

पुस ६ गते भक्तपुर सूर्यबिनायक नगरपालिका(८ सिपाडोल बस्ने २६ वर्षीय किसन थापाको आफ्नै कम्पाउण्डमा पार्किङ गरी राखेको प्रदेश ३(०२(०१० प ७१४१ र माघ ८ गते भक्तपुर बाराहीस्थानस्थित डेरा गरी बस्ने २२ वर्षीय पेम्बा तामाङको डेरा कोठा अगाडि पार्किङ गरी राखेको प्रदेश २(०२० प ८८२७ नम्बरको मोटरसाइकल चोरी भएको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी परिसर भक्तपुरले खोजी गर्ने क्रममा चोरीमा संलग्न उनीहरूलाई मोटरसाइकल सहित फेला पारी माघ २४ गते पक्राउ गरेको हो।

यसैगरी माघ ४ गते राति भक्तपुर भक्तपुर नगरपालिका(७ स्थित आदर्शचोकमा जाँच गर्ने क्रममा बा.९८ प ८९६४ नम्बरको हरी गोविन्द शिल्पकारको नाममा रहेको मोटरसाइकल चोरी गरी लैजाँदै गरेको अवस्थामा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ललितपुर धोबिघाट बस्ने दोलखा शैलुङ गाउँपालिका(४ घर भएका २७ वर्षीय अभिषेक योञ्जन र भक्तपुर सूर्यविनायक बस्ने दोलखा शैलुङ गाउँपालिका(६ घर भएका १९ वर्षीय सुमन नेपाली रहेका छन्।

### अवैध लागूऔषध खैरो हेरोईन सहित पक्राउ

काठमाडौं। काठमाडौं महानगरपालिका(२ लाजिम्पाटबाट अवैध लागूऔषध खैरो हेरोईन ०.२२ मिलिग्राम सहित रामेछाप, रामेछाप नगरपालिका(६ ठेगाना भएका अजय लामालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले लामालाई उक्त खैरो हेरोइन सहित पक्राउ गरेको हो। उनी उपर लागूऔषध मुद्दामा म्याद थप भई आवश्यक अनुसन्धान भइरहेको सो ब्यूरोले जनाएको छ।

### मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं महानगरपालिका(३२ जडिबुटी ढुंगेधारास्थित कृष्णक खड्काको बन्दै गरेको घरमा सोही ठाउँ बस्ने सिन्धुलीकी ३२ वर्षीया सुशिला नेपाली बुधबार मृत अवस्थामा फेला परेकी छन्।

बाँके, राप्तिसोनारी गाउँपालिका(८ परुवा खोलामा सोही ठाउँ बस्ने २७ वर्षीया सरीता वली बुधबार मृत फेला परेकी छन्। शनिबार देखि हराईरहेकी उनलाई खोजी गर्ने क्रममा पानीमा तैरिरहेको अवस्थामा उनको शव फेला परेको हो।

### जिपको ठक्करबाट बालकको मृत्यु

कालिकोट। राष्कोट नगरपालिका(६ सान्नीघाटमा भे.१ ज ११४९ नम्बरको जिपले बुधबार दिउँसो ठक्कर दिँदा सोही ठाउँ बस्ने गोबिन्द सिम्खडाको छोरा ३ वर्षीय मनोज सिम्खडाको घटनास्थलमै मृत्यु भएको छ। जिप चालक ईलाम सन्दकपुर गाउँपालिका-३ बस्ने ३५ वर्षीय उमाकान्त पाठकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### सवारी दुर्घटनामा परी ६ जनाको मृत्यु

काठमाडौं। सिराहा, कर्जन्हा नगरपालिका(४ भुल्लेस्थित सडकमा ना.५ त ७३२० नम्बरको ट्याक्टर मंगलबार दिउँसो दुर्घटना हुँदा ट्याक्टरमा सवार धनगढीमाई नगरपालिका(६ बस्ने ४५ वर्षीय धनवीर रामको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटना घाइते भएका अन्य ६ जनाको फूलकुमारी अस्पताल कर्जन्हा र घोपा अस्पताल धरानमा उपचार भइरहेको छ भने ३ जना उपचार पश्चात् डिष्चार्ज भएका छन्। ट्याक्टर नियन्त्रणमा लिई फरार चालकको प्रहरीले खोजी गरिरहेको छ।

झापा, झापा गाउँपालिका(७ स्थित सडकमा को.१३ प ९०० नम्बरको मोटरसाइकल अनियन्त्रीत भई मंगलबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक सोही गाउँपालिका(६ शरणामती बस्ने २२ वर्षीय सनम तामाङको घटनास्थलमै मृत्यु भएको छ।

हुम्ला, सिमकोट गाउँपालिका(६ चिसामुलस्थित सडकमा लु.अ ब १४१० नम्बरको ट्याक्टरबाट खसेर ट्याक्टरमा सवार सोही गाउँपालिका(४ बस्ने २८ वर्षीया उपाल लामाको मंगलाबर साँझ घटनास्थलमै मृत्यु भएको छ। ट्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

बाँके, राप्ती सोनारी गाउँपालिका(४ सुर्यलालपुरस्थित सडकमा भे.१ त ५५६० नम्बरको ट्याक्टरबाट झर्ने क्रममा मंगलबार साँझ सोही ट्याक्टरले च्यापिएर ट्याक्टरमा काम गर्ने सोही ठाउँ बस्ने ३८ वर्षीया सिउरानी थारूको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएकी उनको नर्सिङहोम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो। ट्याक्टर नियन्त्रणमा लिई फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।

रुपन्देही, बुटवल उपमहानगरपालिका(१० अभियान पथस्थित सडकमा हाल नम्बर नखुलेको बसले मंगलबार राति ठक्कर दिँदा हाल नाम, थर, वतन नखुलेका पैदलयात्री करिब ५५ वर्षीया महिलाको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएको उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो। फरार रहेको बसको प्रहरीले खोजी कार्य गरिरहेको छ।

मकवानपुर, ईन्द्रसोवर गाउँपालिका(३ सिस्नेरी खोलास्थित सडकमा ना.५९ प ३०२१ नम्बरको मोटरसाइकल मंगलबार राति अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही गाउँपालिका(३ ओखर डाँडा बस्ने ५० वर्षीय श्यामबहादुर भोलनको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको पाटन अस्पताल ललितपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

### सुडोकु-अंक २१४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | | ३ | ५ | | | |
| | ५ | | ६ | | ४ | | | |
| ९ | | | | | | | ६ | |
| ८ | | | ७ | ५ | १ | | २ | |
| | | | | | | ८ | | |
| | १ | | ३ | ८ | ६ | | | ५ |
| | ७ | | | | | | | ८ |
| | | | १ | | ७ | | ४ | |
| | | | २ | ४ | | ९ | | |

### अंक २१३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | ५ | ४ | ७ | २ | ३ | १ | ९ |
| ९ | ७ | २ | ५ | ३ | १ | ४ | ६ | ८ |
| ४ | ३ | १ | ६ | ९ | ८ | ५ | ७ | २ |
| ६ | ८ | ७ | १ | ५ | ९ | २ | ३ | ४ |
| ५ | ४ | ३ | ७ | २ | ६ | ८ | ९ | १ |
| १ | २ | ९ | ३ | ८ | ४ | ७ | ५ | ६ |
| ३ | १ | ६ | २ | ४ | ७ | ९ | ८ | ५ |
| ७ | ९ | ४ | ८ | १ | ५ | ६ | २ | ३ |
| २ | ५ | ८ | ९ | ६ | ३ | १ | ४ | ७ |

# संविधान उल्लंघन हुँदा चुप लागेर बस्दैनौं : पूर्वप्रधान्यायाधिसहरू



काठमाडौं । अदालत अवहेलना मुद्दामा चार जना पूर्वप्रधानन्यायाधीशहरू मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ण, सुशीला कार्की आज आफैं अदालतमा उपस्थित भई लिखित जवाफ दिएका छन् ।

चार पूर्वप्रधानन्यायाधीशले पुस २४ गते विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीको संसद विघटन निर्णयलाई असंवैधानिक भन्दै विज्ञप्ती जारी गरेपछि सर्वोच्चले पूर्वप्रधान्यायाधीश उपस्थित हुन आदेश दिएको थियो ।

आज उनीहरूले बुझएको लिखित जवाफ यस्तो छ-

१. सम्मानीत सर्वोच्चअदालत समक्ष हामीसमेतलाई प्रत्यर्थी बनाई दायर भएको निवेदन-पत्रमा 'सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले मिति २०७७९।५ गते प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति समेत तोक्ने गरी गरेको कार्य उपर उक्त निर्णय बदर गरी पाउँ भनी सम्मानीत सर्वोच्च अदालतमा विभिन्न रिट निवेदनहरू दर्ता भई संवैधानिक इजलासमा निरन्तर सुनुवाईको क्रममा रहेको अवस्थामा ..विपक्षीहरूको मिति २०७७९।२४ गतेको प्रेस विज्ञप्तीले अदालतमा विचाराधीन अवस्थामा रहेको मुद्दामा प्रष्ट रुपमा न्यायिक निरुपणको कार्यलाई प्रभाव पार्ने र अदालत प्रति जनताको विश्वास घटाउने गरी गरिएको कार्य अदालतको अवहेलना भएको हुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा १७(४) बमोजिम हदैसम्मको सजाय गरी पाउँ ।' भन्ने मुख्य दावी लिइएको रहेछ ।

२. प्रतिनिधि सभा विघटन गरिएको सम्बन्धमा हामीसमेतबाट २०७७९।२४ मा जारी भएको विज्ञप्तीबाट सम्मानीत सर्वोच्चअदालतको अवहेलना नभएकोले विपक्षीको निवेदन प्रथम दृष्टिबाटै खारेजभागी रहेको छ भन्ने सम्बन्धमा वास्तविक व्यहोरा खुलाई निम्नानुसार स्पष्टीकरण प्रस्तुत गर्दछौं ।

क) नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता लगायतका मौलिक हकहरूको प्रयोग, प्रचलन र संरक्षणमा अन्य नागरिक झैं पूर्वन्यायकर्मीको पनि सरोकार रहने कुरा प्रष्ट छ। २०७७९।५ मा प्रतिनिधि सभा गैरसंवैधानिक ढंगले विघटन गरिएको भन्ने कुरामा हाम्रो दृढ विश्वास छ र सो सम्बन्धमा २०७७९।२४ मा हामीसमेतबाट जारी भएको विज्ञप्ती प्रति हाम्रो स्वामित्व र प्रतिबद्धता यथावत छ । उक्त विज्ञप्तीमा संविधानको यथार्थ चित्रण गरी संवैधानिक पद्धतिको संरक्षणको लागि आह्वान गरिएको छ । संविधानको अध्ययन गर्ने, त्यसबाट धारणा बनाउने र सर्वसाधारणसंग विचार विमर्श गर्ने जनताको मौलिक हक भएकोले वैधानिक प्रक्रियालाई हस्तक्षेप नगरी आफ्नो हक अधिकार प्रयोग गर्न डराउनु पर्दैन भन्ने हामी ठान्दछौं ।

ख) सार्वजनिक सरोकारको प्रश्न निहित रहेको प्रतिनिधि सभा विघटनसम्बन्धी विषयमा मुद्दाका पक्ष र विपक्षको मात्र प्रत्यक्ष सरोकार रहने नभै सो बाहेक अन्य व्यक्ति, समाज र समग्र राष्ट्रको समेत सरोकार रहने हुन्छ । सम्मानीत अदालतले विचाराधीन प्रतिनिधि सभा विघटन बदर सम्बन्धी मुद्दा निवेदकको निवेदन र विपक्षीको लिखित जवाफ भन्दा माथि उठेर एमिकस क्यूरी समेत बोलाई विस्तारित रुपमा स्वतन्त्र कानूनी अभिमत बुझ्न चाहने, निवेदकले भने प्रतिनिधि सभा विघटन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय अनुरुपको दृष्टिकोण वाहेक अरु कुनै दृष्टिकोण कहींकतै कसैले बोल्न नपाओस् वा त्यस्तो दृष्टिकोण कतै सुन्न नपरोस् भन्ने चाहना राखेको आफैंमा विरोधाभासपूर्ण देखिन्छ । प्रतिनिधि सभा विघटनलाई सार्वजनिक सरोकारको विषय चाहिँ मान्ने तर जनताले आफ्नो हक वा सरोकारको प्रतिरक्षा गर्न पाउने अधिकार र सार्वजनिक प्रतिरक्षा प्रणालीलाई निस्तेज पार्ने गरी लिइएको निवेदकको दावी विधिशास्त्रिय हिसावले स्वीकार्य छैन ।

ग) निवेदकले विघटनको समर्थन हुने गरी सार्वजनिक दृष्टिकोण राख्ने पक्षलाई भने प्रश्नको घेरामा राख्नु भएको देखिँदैन। प्रतिनिधि सभा विघटनको निर्णयको पक्षमा एकोहोरो रट लगाएर बस्ने अपेक्षा निवेदकको हुन सक्ने भए पनि उक्त प्रश्न सार्वजनिक सरोकारको प्रश्न भनी अदालतमा प्रवेश प्राप्त गरिसकेपछि सार्वजनिक रुपमा त्यसले चर्चा पाउनु र त्यसो भई सकेपछि इच्छुक जो कोहीले आफ्नो दृष्टिकोण बनाउनु अनौठो होइन,बरू स्वाभाविक हो। सार्वजनिक सरोकारको एकांकी वा आंशिक सम्बोधनको अपेक्षा कसैले गरेको भए पनि त्यसलाई स्वाभाविक मान्न मिल्दैन। विघटन वैध भनेमा अदालतको सम्मान हुने भई अवहेलनाको प्रश्न उठाइरहन नपर्ने र अवैध भनेमा मात्र न्यायमा अवरोध ठानी अवहेलनामा कारवाहीयोग्य मान्ने दोहोरो मापदण्ड कसैले अपनाउँछ भने त्यसको अनर्थ विचारणीय हुन्छ ।

घ) हामीले जारी गरेको विज्ञप्तीबाट न्याय सम्पादनको कार्यमा कसरी अवरोध भयो भन्ने कुरा निवेदनमा उल्लेख छैन । मुद्दामा सुनुवाइ हुनुअघि नै दबाब दिएको भन्ने भनाइ हो भने को कसलाई कसरी दबाब दिइयो स्पष्ट गर्न सक्नु पर्दछ। मुद्दा सुनुवाइ हुनुअघि कसलाई कहाँ कसरी लक्षित गरी के कस्तो दबाब दिइयो भन्ने नखुलाई दबाब दिइयो भनिन्छ भने अदालतको निर्णय गर्ने प्रक्रिया प्रति अविश्वास पैदा गर्ने चेष्टा निवेदक स्वयंले गरेको मान्नु पर्ने हुन्छ ।

ङ) हामीले जारी गरेको विज्ञप्तीको पूर्णपाठमा उल्लेख भएको सुरूदेखि अन्त सम्मको कुनै पनि वाक्यांश वा शब्दहरू संयुक्त वा पृथक रूपमा, प्रत्यक्ष वा परोक्ष कुनै रूपमा पनि प्रतिनिधि सभा विघटनसम्बन्धी मुद्दा दायर भई विचाराधीन रहेको छ भन्ने कुराको वोध भएको देखिन्न । विघटन विरूद्धको मुद्दामा के दावी गरिएको छ भन्ने कुराको जानकारी छैन । त्यसलाई अदालतले सकारात्मक वा नकारात्मक कुन ढंगले संवोधन गर्नु पर्छ पनि भनिएको छैन। त्यस्तो अवस्थामा कुनै धम्की वा प्रलोभन कसरी दिएको देखिन्छ ? मुद्दाको प्रक्रियामा कसरी अवरोध गरिएको छ ? अदालतको कुन आदेशको अवज्ञा गरिएको छ? विचाराधीन मुद्दा, सो सुनुवाइ गर्ने इजलास, त्यसमा संलग्न न्यायाधीशको योग्यता, क्षमता र निष्ठामा कसरी प्रश्न उठाइएको छ ? अथवा अमुक तरिकाले अमुक निर्णय गराउन कुनै धम्की, दबाब वा अवरोध कसरी सिर्जना गरेको छ? वा विज्ञप्तीमा कुन भ्रामक र असत्य कुराहरू उल्लेख गरी गुमराहमा पार्ने चेष्टा गरेको छ? संविधान र कानूनको प्रावधान वा तिनको गलत उल्लेखन वा व्याख्या के गरेको छ? आदि प्रश्नहरूमा कहींकतै कुनै प्रवेश नै नगरी कपोलकल्पित आरोपहरू लगाइएको देखिन्छ ।

च) विज्ञप्ती आपत्तिजनक हो भने विज्ञप्तीको अनुहारबाटै गरे विराएको जस्तो देखाउन सक्नु पर्छ। मनगढन्ते आरोप बोकेर अदालतमा प्रवेश गराउनु न्यायको लागि सहयोग हुन सक्दैन। सामाजिक क्षेत्रमा छलफलका निम्ति जारी हुने व्यक्तव्य र अदालती फैसलाको अन्तर छुट्याउन सक्नु पर्ने हो । त्यसको विपरित विज्ञप्तीबाट आफैंले फैसला गरेको जस्तो हल्ला फिंजाएको भनेको द्वेषपूर्ण छ ।

छ) न्यायिक प्रक्रिया विशिष्ट कानूनी प्रक्रिया हो, त्यहाँ औपचारिक रुपमा माग दावी र प्रतिवाद ग्रहण गरी प्रमाणको मूल्यांकन गरी निर्णय गरिन्छ । अदालत वाहिरको छलफल अदालतको लागि असान्दर्भिक हुन्छ र आफ्नो नियमित काममा अवरोध गर्न आएमा वा अवज्ञा भएमा वाहेक त्यस्तो कुरामा रुची पनि राखिँदैन। विचार विनिमयको खुला बजारमा भए गरेका कुराहरू न त अदालतले न्यायिक जानकारीमा लिन जरुरी छ, न त त्यसबाट प्रभावित भएर काम गर्दछ। यति कुरा जान्दा जान्दै पनि समाजको आफ्नो प्रयोजनको लागि गरिने बौद्धिक छलफललाई निरुत्साहित गरी रोक लगाउने र अदालती कारवाहीको दुरुपयोग गर्ने उद्देश्यले हामी उपर दायर गरिएको मुद्दा खारेजभागी छ ।

ज) अवोधगम्य र रहस्यमय आरोप सहितको उजुरीमा देश दुनियाँको विवेक, चेतना र अभिव्यक्ति स्वतन्त्रतालाई संस्थापनको भयको विस्तारवादबाट कज्याउन खोजेको र प्रकारान्तरमा जनताको सार्वभौमसत्ता, चेतना र न्यायको अभ्यासलाई अवरुद्ध गरी आफू अनुकुल समाज चल्न बाध्य गर्ने श्रृंखला अन्तरनिहित भएको देखिन्छ। देखिँदा सतहमा अवहेलनाको सजायको सन्त्रास हामी उपर देखाइएको भए पनि अन्ततः वाक तथा अभिव्यक्ति स्वतन्त्रता तथा लोकतन्त्र एवं संविधानवादको हिमायतीहरू उपर समग्रमा आकर्षित हुन नसक्ने अवहेलनाको कारवाहीको भयको अस्त्र देखाएर नियन्त्रित समाजको नियति भोग्न बाध्य बनाउन मिल्दैन। अभिव्यक्ति स्वतन्त्रतालाई भयको माध्यमद्वारा तह लगाउने स्थिति रहँदैन । अहिलेको समाजको वौद्धिक चेतना त्यसरी तह लगाउन सकिने स्थितिमा छैन । हामीलाई के लाग्दछ भने संविधान, संविधानवाद, कानूनी राज्य र न्यायका सौदा गर्न नमिल्ने मूल्य र मान्यताको खिलापमा उत्खडा हुने जुनसुकै परिस्थितिको विरुद्ध उभिन जनसाधारणको मनोवल गिर्न नदिन सवैको जिम्मेवारी र जवाफदेहिता रहन्छ ।

झ) हामीले कुनै कालखण्डमा न्यायपालिकाको नेतृत्व गर्न पाउनु एउटा महत्वपूर्ण अवसर थियो, जसका लागि हामीमा गर्वको अनुभूति छ । कानूनी राज्यको हिमायतीको हिसावले सेवा गरेको आफ्नो अनुभव र पृष्ठभूमिले गर्दा हामीले संविधानको संरक्षण, संविधानवाद र कानूनी राज्यको संरक्षणको पक्षमा आफ्नो आस्थालाई अविचलित र अविकलित रूपमा प्रस्तुत गर्न चाहन्छौं । संविधानको ठाडो उल्लंघन भएको वा अपमान भएको घटनाको मुकदर्शक बन्न सक्दैनौं र मौनव्रत धारण गर्न सक्दैनौं । कुनै कुरा कतै विचाराधीन हुने वित्तिकै लोकतन्त्र र जनताको हकलाई नै प्रभावित गरेको विषयमा आ(आफ्नो सरोकारका सम्बन्धमा पनि विचार गर्न छाड्छन् वा छाड्नु पर्छ भन्ने हामी ठान्दैनौं, संसद वा अदालतको निर्णय प्रक्रियामा अनधिकृत रूपमा प्रत्यक्ष वा परोक्ष तवरले हस्तक्षेप गर्न, अवज्ञा गर्न वा अवरोध गर्न हुँदैन भन्ने कुराको हेक्का राखेर मात्रै विचार अभिव्यक्त गर्न सकिन्छ भन्नेमा पनि हाम्रो स्पष्ट दृष्टिकोण छ । कोही कसैले चुप लागी दिए हुन्थ्यो भन्ने आशा वा अभिप्राय जनाए पनि त्यो ग्राह्य हुन सक्दैन। आफ्नो चेतना र विवेकले देखेको कुरा संविधान र कानूनको अधिनमा रहेर अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा त्यसलाई नियन्त्रित गर्ने चक्रव्यूह कहींकतैबाट रचिएछ भने पनि त्यसलाई सहन गर्न सक्दैनौं ।

ञ) एकजना न्यायकर्मीले बचाउनको लागि आफ्नो न्यायिक स्मरण बाहेक अरु केही हुँदैन र आफ्नो आराध्य संस्थाको भलो चिताउने बाहेक अन्य कुनै सरोकार र प्रवृत्ति रहँदैन । नागरिकको हैसियतमा सामान्य जीवन विताइरहेका हामी जस्ता व्यक्तिको लागि त्यही नागरिक हैसियतको चेतनाको नै गुरुतर महत्व रहने गर्दछ । सो बाहेक हामीले विचाराधीन न्यायिक प्रक्रिया, न्यायकर्ता र न्यायको विषयबस्तुको सम्बन्धमा कुनै अधिकार, भूमिका र प्रभावको खोजी गर्नु न त संभव छ, न त त्यस्तो अपेक्षा गरिन्छ ।

ट) पूर्वन्यायकर्मीको हैसियतमा हाम्रो नागरिक अधिकार र कर्तव्यको निर्धारण संविधान र कानून बमोजिम हुने तय छ । त्यसमा निवेदक र निजको प्रेरक पृष्ठभूमिले हाम्रो आचरण, हाम्रो अधिकारको परिभाषा र सीमा निर्धारण गरिरहनु पर्दैन। हाम्रो विज्ञप्ती विचाराधीन मुद्दा र अदालत लक्षित नभई विघटन गर्ने निर्णय प्रक्रियाका सहभागी अवयवहरूप्रति लक्षित रहेकोले विज्ञप्ती उपर अदालतको ध्यान आकृष्ट हुनुपर्ने अवस्था छैन भन्ने कुरा स्पष्ट गर्न चाहन्छौं । यद्यपि, प्रस्तुत मुद्दालाई निवेदकको माग बमोजिम संवैधानिक इजलासमा विचाराधीन प्रतिनिधि सभा विघटन सम्बन्धी मुद्दासंग साथै राखी सुनुवाइ गरेमा पनि कुनै आपत्ति नहुने कुरा स्पष्ट गर्दछौं ।

ठ) जहाँसम्म विचाराधीन भएको सम्म कारणले विज्ञप्तीलाई अवहेलनाजन्य भनिएको अवस्था छ, अदालतमा विचाराधीन हुँदा वितिकै जनसरोकारको विषयमा बोल्न, सुन्न आमरुपमा प्रतिबन्ध सृजना गर्छ भन्ने मान्यता कहिंकतै पनि स्थापित छैन। निवेदकको उक्त जिकिर संविधान, कानून केमा आधारित छ खुलाउन सक्नु भएको छैन । न्यायकर्मी भएकै कारणले कानून र न्यायका प्रश्नहरूमा विचार अभिव्यक्त गर्ने स्वतन्त्रता रोकिएको हुन्छ भन्ने मान्यता होइन । **Un\ Basic Principles on the Independence of the Judiciary, Bangalore Principles of Judicial Conduct** लगायतका अन्तर्राष्ट्रिय मापदण्डले वहालवाला न्यायकर्मीले समेत आफूमा अन्तरनिहित स्वतन्त्रताको उपभोग गरी संघसंस्था खडा गर्न, भेला हुन र विचार अभिव्यक्त गर्न पाउने कुरा उल्लेख गरेका छन्। संविधान, ऐन कानून, अन्तर्राष्ट्रिय कानून, संयुक्त राष्ट्रसंघका घोषणापत्रहरू र न्यायका मान्य सिद्धान्तहरूले कहिंकतै नियन्त्रित र अवरोध नगरेको, वरु स्वीकृती र मान्यता दिएको विषयमा अनर्गल रुपमा त्यस्तो अभिव्यक्ति स्वतन्त्रतामा हस्तक्षेप निम्त्याउन निवेदकले गरेको जिकिर अग्राह्य छ ।

ड) यदि निवेदकले दावी गरे जस्तो अदालतमा विचाराधीन भएको कारणले प्रतिनिधि सभा विघटनको विषयमा सार्वजनिक वहस पैरवी गर्न सम्म पनि नपाउने मान्यतालाई स्थापित गर्न खोजिएको हो भने विघटनको पक्ष वा विपक्षमा वा जुनसुकै हिसावले दिनहुँ हुने राजनीतिक, गैरराजनीतिक वा सामाजिक विभिन्न मञ्चहरू मार्फत सार्वजनिक वहस पैरवीमा भाग लिइरहेका वुद्धिजिवी, लेखक, पत्रकार, कानूनविद, राजनीतिकर्मी, आम नागरिक लगायत सम्पूर्ण सरोकारवालालाई अदालतको अवहेलना गरेको मानी सजायको भागी बनाउनु पर्छ भन्ने मान्यता पनि स्थापित हुन जान्छ, जुन संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रताका दृष्टिले किमार्थ स्वीकार्य हुन सक्दैन ।

३. अतः नेपालको संविधानको धारा १२८(४) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १७ आकर्षित हुने अवस्थाको विद्यमानता नभएको हुँदा विपक्षीको औचित्यहिन निवेदन खारेज गरी न्याय इन्साफ पाउन सम्मानीत सर्वोच्चअदालत समक्ष सादर अनुरोध गर्दछौं ।

# Invincibility of Korean-Style Socialism

Amid the sanctions imposed by the hostile forces on the Democratic People's Republic of Korea gaining momentum, the country is reporting one successful event after another in its efforts to strengthen its defence capacity and build its-economy. What has made the small country so invincible? First of all, the people have been guided by great leaders. The territory, population and economic power are not all that determines the strength and weakness of a country. Korea was subjected to military occupation and colonial rule for 40 years by imperialist Japan; it had to fight a war (1950-1953) against the imperialist aggression. Since then it has had to experience all manner of trials and difficulties for decades owing to the constant threat of war and moves by the hostile forces to stifle it. However, under the leadership of their successive leaders, the Korean people have built and defended the socialism and built theirs into a country that no force dare attack. Kim Jong Un, chairman of the State Affairs Commission of the DPRK, who is carrying forward the cause of his predecessors, President Kim Il Sung and General Kim Jong Il, has come under the political limelight of the world as the most distinguished political leader of the modern era.

Kim Jong Un is a matchless master of ideology and theory, an attractive politician possessed of a high level of people-oriented art of leadership, a versatile statesman, a man who implements without fail and on the highest level what he has planned to do, a brilliant commander possessed of unexcelled courage and mettle and resolute and adroit temperament, and the supreme defender of the prestige of his nation–this is part of the comment by mass media of the world. The history and reality of the DPRK testify to the fact that if the leader of a country is great, the country, though small, can become powerful. Second, the Korean people have achieved single-hearted unity with their leader.



United single-heartedly around their Supreme Leader Kim Jong Un, they are demonstrating the prestige of their country with unprecedented strength and miraculous events. The basis of the single-hearted unity of the leader, the ruling Workers' Party of Korea and the masses, which serves as the source of viability of the Korean-style socialism, has been the affection of the people cherished by the leaders of the country. Socialism of the Korean style, which embodies the idea of "The people are my God" cherished by the President Kim Il Sung and General Kim Jong Il, is now being consolidated and developing thanks to the politics of loving the people administered by Supreme Leader Kim Jong Un. The might of the single-hearted unity of the Korean people, who defend and support the ideology and leadership of their leader, symbolic of the sovereignty and prestige of their country and the safety and destiny of their nation, and turn out to accomplish his intentions with one mind, constitutes the motive force that assures the invincibility of the DPRK. Third, the Korean people regard the socialism as valuable as their life itself. In the late 1990s socialism collapsed in several countries, but the DPRK defended and developed it. This is attributable to the fact that Korean-style socialism is people-centered. Carrying forward the cause of his predecessors, Kim Jong Un is always concerned with the wellbeing of his people. Mingling with them, he listens carefully to what they have to say, and ensures that their thoughts and demands are reflected in the policies of the Party and state. And it is his iron rule to give top and absolute priority to people's interests and convenience. It is quite natural that the Korean people regard socialism as valuable as their life itself. Fourth, the propellant of their advance is self-reliance.

The history of the Korean revolution is the one pioneered and advanced on the strength of self-reliance. Propelled by the spirit of self-reliance, the Korean people achieved the liberation of their country, emerged victorious in postwar reconstruction and realized socialist industrialization, thus building theirs into a socialist country equipped with solid foundations of an independent economy and strong self-defence capabilities. In the face of extreme moves for sanctions by the hostile forces, this country is achieving remarkable successes one after another in economic construction and improving the people's standard of living, this is a demonstration of its capabilities for self-development. By displaying the spirit of self-reliance, the Korean people are achieving innovative and miraculous successes in developing science and technology and building the economy, thus thwarting the enemy's moves for sanctions. Western mass media including Reuters and Independent of Britain reported: Even though north Korea is under harsh sanctions, its economy is developing; particularly, the highest growth rate of its economy is striking the world with admiration.

# के छ सुगौली सन्धिमा ?

**माननीय कम्पनीको पक्षबाट माननीय कम्पनीले इस्ट इन्डिजका सम्पूर्ण कार्यविधिहरूको निर्देशन एवं नियन्त्रण गर्नका निम्ति निर्देशकहरूको समितिले नियुक्त गरिएको गार्टरको सबभन्दा उच्च पद, नाइट पदवी प्राप्त भएको, राजाधिराजको राजकीय सभाको माननीय (सदस्य) महासहिम सम्माननीय म्वाइरेका फ्रान्सिस कार्लद्वारा पूर्णशक्ति प्रदत्त गरिएको आधारमा लेफ्टिनेन्ट कर्णेल ब्राड शा र महाराजा गिर्वाणयुद्धविक्रम शाह बहादुर शमशेर जंगको पक्षबाट माथि कहियेको निपाउलका राजाद्वारा यस कार्यका लागि अधिकार प्रदत्त श्री गुरू गजराज मिसर र श्रीचन्द्रशिखर उपेध्याहरूले इस्ट इन्डिया कम्पनी निपाउलका राजा महाराजा विक्रम शाहका बीचमा शान्तिको सन्धिपत्र स्थापित गरे जबकि माननीय इस्ट इन्डिया कम्पनी र निपाउलका बीच युद्ध प्रारम्भ भइरहेको थियो तथा जब कि मतभेद देखा पर्नुभन्दा पूर्व दुई देशहरूको बीचमा अघिदेखि रहिरहेको शान्ति एवं मैत्रीको पुनःस्थापना गर्नका लागि दुवै पक्षहरूले क्रम राखे :**

**शान्तिका निम्नलिखित पणहरू स्वीकार गरिए :**

**धारा पहिलो** : इस्ट इन्डिया कम्पनी र निपाउलको राजाको बीचमा स्थायी शान्ति र मैत्री रहनेछ ।

**धारा दोस्रो** : युद्ध प्रारम्भ हुनुभन्दा अगाडि दुई राष्ट्रहरूको बीचमा वादविवादमा आएका जग्गाहरूमा निपाउलका राजाले समस्त दाबा छोड्नेछन् ।

**धारा तेस्रो** : निपाउलका राजाले यस तरहले माननीय इस्ट इन्डिया कम्पनीलाई सदाका लागि तल लेखिएका देशहरू दिनेछ, जुन यस प्रकारका छन् :


**पहिलो** : काली र राप्तिका नदीहरूको बीचमा परेको समस्त समस्थल भूभागहरू

**दोस्रो** : राप्ति र गण्डक (खास बुटवल अतिरिक्त) का बीचमा रहेका सम्पूर्ण समस्थल भूभागहरू ।

**तेस्रो** : गण्डक र कुसा (कोसी) जुनमा बृटिस शासनाधिकारमा परेको छ र खास पर्ने अवस्थामा छ, को बीचमा परेका सम्पूर्ण समस्थल भूभागहरू ।

**चौथो** : मेची औं टिस्टाका बीचमा परेका सम्पूर्ण समस्थल भूभागहरू

**पाँचौं** : मोरङदेखि पर्वतसम्म गएको



नग्रीका समस्थल भूमिहरू र नगरकोट घाँटीसहितका मेची नदीदेखि पूर्वी पहाडहरूका भित्रका सारा प्रदेशहरूका साथसाथै घाँटी र नग्रीको प्रदेशहरू, उपर्युक्त प्रदेशहरूमा यो सन्धिपत्र लागू भएको मितिदेखि चालीस दिनभित्रमा गोर्खा फौजहरू रिक्त गरिनुपर्नेछ ।

**धारा चौथो**

उपरिलिखित धाराद्वारा अधिकृत प्रदेशहरू सम्मलित गरिएको कारणले जुन प्रमुख अधिकारी एवं भारदारहरूको आकांक्षामा बाधा परेको छ, निपाउलका राजाले ठहरायका त्यस्ता भाराधाराहरूलाई बृटिस शासनले राजाले लगाएको अनुपातअनुसार भत्ता दिनलाई वार्षिक एकमुस्ट दुई लाख रुपियाँ दिने निर्णयलाई मञ्जुर गर्छ । (राजाद्वारा) छनोट हुनेबित्तिकै भत्ताको निम्ति गभर्नर जनरलको क्रमशः मोहर तथा हस्ताक्षर सहितको सनदहरू प्रदान गरिनेछन् ।

**धारा पाँचौं**

काली नदीका पश्चिममा परेका प्रदेशहरूमा निपाउलका राजाले आफू स्वयं, आफ्ना प्रतिनिधि तथा उत्तराधिकारीहरूका सारा दाबाहरू त्याग्नेछ र ती देशहरू र त्यहाँका निवासीहरूसँग कुने सम्पर्क कहिल्यै राखिनेछैन ।

**धारा छैठौं**

निपाउलका राजाले उसका प्रदेशहरू हत्याउने हेतुले सिक्किमका राजालाई कहिल्यै पनि अशान्ति अवस्थामा र विनाश कार्यमा लाउने छैन तर यदि निपाउलका राजा र सिक्किमको राजामा वा उभय पक्षका जनताहरूका बीचमा मतभिन्नता आएमा त्यस्ता भिन्नताहरू बृटिस शासनको निर्णयमा प्रस्तुत गरिनेछ र जुन निर्णयलाई निपाउलका राजाले पालन गर्नुपर्छ भन्ने मञ्जुर गर्छ ।

**धारा सातौं**

निपाउलका राजाले कहिल्यै पनि कुनै बृटिस या युरोपियनहरू या त न त अमेरिकनहरू बृटिस सरकारको अनुमतिबिना आफ्नो सेवामा राख्न लगाउन सक्नेछैन ।

**धारा आठौं**

तदनुसार दुवै राष्ट्रहरूका शान्ति एवं मित्रताको सुधार एवं सुरक्षित गर्नका निम्ति एक दोस्रोको अधिकार सम्पन्न मनत्रीहरू (राजदूतहरू) तत्तत् देशहरूका राजदरबारहरूमा राखिने गरी मन्जुर गरिएको छ ।

**धारा नवौं**

नौं धाराहरू भएको सन्त्रिपत्र आजको पन्ध्र दिनको भित्रमा निपाउलका राजाले आजको मितिदेखि पन्ध्र दिनभित्रमा मोहर लगाउनेछ र मोहर लगाएपछि कर्णेल ब्राड शाहलाई दिइनेछ, जसले लिएर बीस दिनभित्रमा वा यथाशीघ्र गभर्नर जनरलको मोहर गरी राजालाई सौपिनेछ । डिसेम्बर २, १८१५ मा सुगौलीमा हस्ताक्षर गरियो, प्यारिस ब्राड शा ले.क.पी. ए .(सही) १८१५ डिसेम्बर ९ मा उभास्थित गभर्नर जनरलद्वारा बंगाल विलियम फोर्टमा सही गरियो

*(सही)*

| **सभास्थित महामहिम** | **म्वाइरा** |
| --- | --- |
| गभर्नर जनरल | एविड मोन्स्टन |
| गेडाम | आर्क मेटन |
| सरकारी सचिव | जिडाउसविल |

नेपालको राजाका प्रतिनिधि चन्द्रशिखर उपेध्याबाट ई.१८१६ मार्च ४ तारिखको दिन दुई बजेर तीस मिनेट जाँदा मकवानपुर भ्यालीमा यो सन्धिपत्र प्राप्त भयो र उसै दिन अंग्रेज सरकारको तर्फबाट यो सन्धिपत्रको एक प्रति सुम्पियो ।

## ओलीको...

संकलनसम्मको विषयलाई प्रगतिका रुपमा समेटेका छन् । प्रधानमन्त्री ओलीको तीनवर्षे कार्यकालमा नेपालीको प्रतिव्यक्ति आम्दानी ८ सय ८७ बाट बढेर १ हजार ९७ डलर पुगेको छ । यो आफैंमा अन्य मुलुकको तुलनामा ज्यादै थोरै हो । आयस्तर बढोत्तरी आम जनतामा समान रुपले हुन सकेको छैन । आम जनमानसले अपेक्षा गरेको सुशासन र भ्रष्टाचारको विषयमा पनि ओली सरकार सबैभन्दा नराम्रोसँग चुकेको छ । आफूले भ्रष्टाचार नियन्त्रण गरेको दाबी गर्दै ओलीले भनेका छन्- 'दुराचारी र दुराचार भ्रष्ट र भ्रष्टाचारका सन्दर्भमा मुखमा पानी हालेर बोल्ने मेरो बानी छैन । यो जतिसुकै उच्च ओहोदावाल होस् वा कथित पहुँचवाल, तिनको मुख हेरेर सजाय तोकिन्न । कारबाही गर्ने/नगर्ने फैंसला लिइन्न ।' उनले यसो भने पनि केही महिना अघि मात्र ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रधानमन्त्री स्वयंले भ्रष्टाचारीको प्रतिरक्षा गर्ने गरेको र नेपालमा भ्रष्टाचार बढेको प्रतिवेदन सार्वजनिक गरेको थियो जसलाई सर्वसाधारण जनताले बिर्सेका छैनन् । कोरोनाकालमा मुलुक नै संकटमा परेका बेला पनि सरकारी खरिदमा आर्थिक अनियमितता गरिएको आरोप ओली सरकारमाथि लागेको छ । विगत तीन वर्षमा सरकारले गरेका प्रायः ठूला सार्वजनिक खरिद विवादमुक्त बन्न सकेका छैनन् । हरेक खरिदमा बिचौलियासँग सम्बन्धित मन्त्री र सचिवहरूको नाम जोडिएको छ । यस्ता काममा प्रधानमन्त्री ओलीकै तहबाट निर्देशन आएको आरोप समेत लाग्दै आएको छ ।

प्रधानमन्त्री ओलीको शासनकालमा संविधान र प्रणाली नै धराप परेको बेला सानातिना खुद्रे विकासका उपलब्धिको चर्चा गर्नुको कुनै अर्थ छैन । प्रतिनिधिसभा विघटनसँगै देशमा राजनीतिक अस्थिरता बढेको छ । प्रतिनिधिसभा विघटनलाई काम गर्न नदिइएको अर्थमा पुष्ट्याइँ गर्न खोजिए पनि यो 'डिजाइनअन्तर्गत' भएको आम नागरिकले आशंका गरिरहेका छन् । तर प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनलाई आफ्नो बाध्यात्मक कदमको संज्ञा दिँदै यसको दोष आफ्नै सहयात्रीमाथि थोपरेका छन् । पछिल्लो एक वर्षदेखि सरकारले विभिन्न दलहरूको गठबन्धन सरकारले जस्तो नियति व्यहोर्नु परेको बताउँदै प्रम ओलीले एकातिर जनताको उच्च आकांक्षा सम्बोधन गर्नुपर्ने अर्कोतिर आफ्नै खुट्टामा अल्झिएझैं काम गर्न नपाउने अवस्था सिर्जना भएको बताएका छन् । पार्टीभित्रको द्वन्द्वका कारण जनताको वारेश प्रतिनिधिसभालाई नै विघटन गरिनु अलोकतान्त्रिक र स्वेच्छाचारी कदम भएको विश्लेषण गर्न सकिन्छ । प्रतिनिधिसभा विघटनसँगै जनआन्दोलन २०६२।६३ का उपलब्धिहरू समेत गुम्ने खतरा बढेको छ । संसद विघटन संवैधानिक या असंवैधानिक कदमको निक्यौंल सर्वोच्च अदालतले गर्ने नै छ तर यस्तो कदमले चाहे राजनीतिक अवस्था होस वा सामाजिक अजेन्डा नै किन नहुन् मुलुक झन्डै एक दशक अगाडिको अवस्थामा पुगेको छ । त्यसैले त राजनीतिक दलहरूदेखि नागरिक समाजसम्म प्रम ओलीको कदमलाई प्रतिगमनको संज्ञा दिँदै सडक आन्दोलनमा छन् । प्रतिनिधिसभा विघटनको कदमपछि त ओलीमाथि संघीयता भत्काउन खोजेको र धर्मनिरपेक्षता हटाएर हिन्दू राष्ट्र स्थापना गर्न खोजेको आशंका व्यक्त भइरहेका छन् । कालापानी समेटेर नयाँ नक्सा जारी गरिनु ओली सरकारको ऐतिहासिक कार्यलाई भने सबैले स्वीकार्नुपर्छ ।

## कोरोनाको...

वुहानमा यो संक्रमण फैलिएको देखिएको हो । त्यस विषयमा अनुसन्धान गर्न विश्व स्वास्थ्य संगठनले पहिल्यैदेखि चीन जान खोजेकोमा चीन सरकारले दिएको थिएन ।

हालै उनीहरूले सो क्षेत्रमा पुगेर अनुसन्धान गरेका थिए । त्यस क्रममा गरिएको अनुसन्धानबाट कोभिड यहाँको सामुद्रिक खानाहरूको बजारबाट विस्तार भएको पाइएको बताएका छन् । तर पनि यो संक्रमण भने अन्यत्र कतै देखिएको ती विज्ञहरूले बताएका छन् । उनीहरूले कोभिड १९ को भाइरस कहाँबाट उत्पत्ति भएको हो भन्ने बारेमा अनुसन्धान गरिरहेको बताएका छन् । विश्व स्वास्थ्य संगठनको टिमले वुहान सहरमा रहेको वुहान इन्स्टिच्युट अफ भाइरोलोजीको अध्ययन गरेका थिए र उनीहरूले सो संस्थाको ल्याबको पनि अनुसन्धान गरेका थिए ।

## कांग्रेस...

कांग्रेसले महाधिवेशनअघि क्रियाशील सदस्यहरूको विवरण तयार गर्न केन्द्रीय क्रियाशील सदस्यता छानबिन समिति गठन गरेको छ । बैठकले केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा केन्द्रीय सदस्यहरू आनन्द ढुंगाना, जीवन परियार, श्यामकुमार घिमिरे, प्रदीप पौडेल, कल्याणकुमार गुरुङ सदस्य रहेको समिति गठन गरेको हो । समितिलाई निर्धारित कार्यतालिकाबमोजिम क्रियाशील सदस्यहरूको छानबिन गरी बुझाउन निर्देशन दिएको प्रवक्ता शर्माले बताए ।

## भारतीय किसान...

थियो । उनलाई दिल्ली प्रहरीले गृहनगर बैंग्लोरबाट पक्राउ गरेको हो ।

अन्तर्राष्ट्रिय स्तरमा भारतको छवि बिगार्ने गरी 'टुलकिट' तयार पार्ने कार्यमा संलग्न भएको तथा त्यसको प्रचारप्रसारमा सघाएको आरोपमा उनलाई दिल्ली प्रहरीले पक्राउ गरेको हो । विश्वचर्चित पर्यावरण अभियन्ता ग्रेटा थनवर्गले फेब्रुअरी ४ मा भारतको किसान आन्दोलनप्रति समर्थन जनाउँदै टुलकिट सहितको डकुमेन्ट ट्वीट गरेकी थिइन्, पछि ग्रेटाले उक्त 'टुलकिट' हटाएकी भएपनि त्यसलाई तयार पार्ने काममा सघाएकी भन्दै प्रहरीले रविलाई पक्राउ गरेको हो ।'

दिल्ली प्रहरीले रविसँग सम्पर्क रहेको भन्दै वकिल निकिता जैकव र उनका सहयोगी शान्तनुका विरुद्ध वारेन्ट जारी गरिएको र उनीहरूको खोजी भइरहेको समेत जनाएको छ । भारत सरकारले गत सेप्टेम्बरमा ल्याएका तीनवटा कृषि कानुनको विरोधमा भारतीय किसानहरू आन्दोलित छन् ।

## निर्वाचन आयोग...

कुनै पक्षले आधिकारिकता दाबी गरेको १५ दिनभित्र अर्को पक्षलाई जानकारी गराउनुपर्ने प्रावधान भए पनि कुनै पनि पत्र वा जानकारी ओली पक्षलाई दिइएको छैन । आयोग अझै छलफल र अध्ययन भइरहेको बताइरहेको छ । राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ (१) अनुसार विवाद प्रारम्भ भएको ३० दिनभित्र आधिकारितासम्बन्धी माग दाबी गर्नुपर्छ । अर्कोतर्फ यसरी विवाद हुँदा माग दाबी गर्न पाउने पक्षले ल्याएको प्रमाणित प्रतिलिपिसहित दलको अर्को पक्षलाई १५ दिनभित्र जवाफ दिने गरी पत्राचार गर्नुपर्ने पनि उक्त ऐनमा उल्लेख छ । तर दाहाल नेपाल समूहको मागदाबीलाई हदम्यादभन्दा पछि निवेदन आएकाले विकल्पका लागि विभिन्न छलफल भइरहेको आयोग स्रोतको भनाइ छ ।

आयोगमा दुवै पक्षलाई पार्टीको नाम र सूर्य चिन्ह नदिने विषयमा समेत छलफल भइरहेको बताइन्छ । नेकपाको सन्दर्भमा जुन समूहसँग केन्द्रीय कमिटीको सदस्यहरू (आयोगले नै भनेअनुसार ४४१) को बहुमत छ, त्यसले चिन्ह पाउने अवस्था हुन्छ भन्छन्, पूर्व प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती । अर्का पूर्वप्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवको भनाइ पनि यस्तै छ । बहुमत केन्द्रीय जता हुन्छन्, उसैले आधिकारिकता पाउँछ यादवले भने । बहुमत केन्द्रीय सदस्य जता छन्, आधिकारिता पनि त्यसैले पाउने हो । तर मसँग बहुमत छ भनेर कुनै समूहले दाबी गरेर मात्रै हुँदैन, निवेदन दिएर मात्रै हुँदैन । आयोगले ऐनअनुसार दुवै दलको अवस्थाको परीक्षण गर्दै आयोगमै सशरीर उपस्थित गराएर हस्ताक्षर गराउँछ र त्यसपछि जता बहुमत देखिन्छ त्यसलाई नै आधिकारिकता दिने हो । अहिलेसम्मको अभ्यास पनि यही हो । यस्तै हुन्छ । आयोगका पूर्व प्रधान निर्वाचन आयुक्त उप्रेतीले बताए । विवाद समाधानको कुनै प्रक्रियामा प्रवेश नगरी अनुमान र उनीहरूले पठाएको डकुमेन्टको आधारमा चिन्ह फ्रिज हुने भन्ने प्रश्न नै आउँदैन, उनले भने ।

आयोगको अलमलप्रति दाहाल नेपाल समूह सशंकित देखिएको छ । केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओली आफैं निर्वाचन आयोग गएर आफ्नो समूह आधिकारिकता दाबी गरेका थिए । आफू प्रथम अध्यक्ष भएको र महासचिव पनि आफ्नै समूहमा रहेकाले आफूहरू नै आधिकारिक भएको दाबी पेस गरेका थिए । दाहाल नेपाल समूहले गरेको आधिकारिकता दाबीको निवेदन हदम्याद गुज्रेको बताएका थिए । यसअघि आयोगमा कुनै पनि प्रधानमन्त्रीहरू गएका थिएनन् । बरु प्रमुख आयुक्त र आयुक्तहरूलाई प्रधानमन्त्री निवास वा सिंहदरबार बोलाएर छलफल गरिन्थ्यो ।

## पत्रकारहरू...

समिति (रासस) का पूर्व महाप्रबन्धक ?श्रीरामसिंह बस्नेतलाई प्रदान गरिएको छ । सो पुरस्कारको राशि दश हजार १ सय ११ रुपैयाँ छ ।

पत्रकार शिल्पाकर्ण उमासिंह राष्ट्रिय पत्रकारिता पुरस्कार र गणेश लम्साल मदरल्यान्ड युएसए लैंगिक समानता पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका छन् । त्यसैगरी मन्दिरा थापालाई उमासिंह राष्ट्रिय पत्रकारिता पुरस्कार दिइएको छ । पुरस्कार राशि जनही दश हजार छ । त्यसैगरी मदरल्याण्ड युएसए लैंगिक पुरस्कार लोग्सरी कुँवर र कमला पाख्रिनलाई प्रदान गरिएको छ । पुरस्कारको राशि ४० हजार छ । नेपाल पत्रकार महासंघको २६ औं महाधिवेशनमा सो पुरस्कार प्रदान गरिएको हो । महासंघले यस वर्षको उत्कृष्ट कर्मचारी पुरस्कार महासंघका कर्मचारी सुस्मिता भेटवाललाई प्रदान गरेको छ । पुरस्कारको राशि १० हजारको छ । पत्रकार ईश्वरी बराल, भगवती थापा, फतिमा बानु लगायत ३७ पत्रकारलाई कोरोना संक्रमण विपद पत्रकारिता पुरस्कार २०७७ प्रदान गरिएको छ ।

## नेपाली कामदार...

पर्नेछन् यो नियम यही मार्च २ देखि लागू हुने बताइएको छ । यो प्रक्रियामार्फत निवेदन दिने कामदारको सन् २०२२ को मार्च ३१ सम्म १३ महिनाका लागि अस्थायी प्रवेशाज्ञा थप हुने छ ।

अस्थायी प्रवेशाज्ञा प्राप्त गर्ने कामदारले कृषि तथा मत्स्यपालनमा काम गर्ने अनुमति प्राप्त गर्ने छन् । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण कोरियामा करीब एक वर्षदेखि विदेशी कामदार भित्रिएका छैनन् ।

लामो समयदेखि विदेशी कामदार नभित्रिदा हुन गएका कामदारको अभावलाई पूर्ति गर्न पनि सो नियम ल्याइएको मन्त्रालयले बताएको छ । कोरियाले अस्थायी मौसमी कामदारको रुपमा गत वर्ष ७९ हजारको प्रवेशाज्ञा थप गर्ने तयारी गरेको छ ।

त्यसैगरी मौसमी कामदारको रुपमा ९० दिनभन्दा धेरै प्रवेशाज्ञा प्राप्त गरेका कोरियाली मूलका विदेशी नागरिकले विभिन्न शुल्कमा छुट पाउने बताइएको छ । उनीहरूले प्रवेशाज्ञा परिवर्तन गर्न चाहेमा प्रवेशाज्ञा परिवर्तनको लागि पनि नियम खुकुलो पार्ने बताएको छ ।

यसैगरी नेपालमा कोरियाको लागि श्रम सम्झौताको पर्खाइ गरी रोस्टरमा बसेकाको अवधि ६ महिना थप हुने भएको छ । सो कुराको जानकारी कोरिया रोजगार तथा श्रम मन्त्रालयको प्रवासी श्रमिक विभागका सचिव ई ग्यांग सुनले दिए ।

रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत भाषा परीक्षा उत्तीर्ण गरी कोरिया काम गर्न जानको लागि रोजगारदाताको र छनोटमा पर्न योग्य १६ देशको प्रवासी श्रमिकलाई रोस्टरमा राखिन्छ र दुई वर्षसम्म पनि उनीहरू छनोटमा नपरे स्वतः रद्द हुन्छन् । कोरोना महामारीका कारण दुई वर्षको अवधिभित्र श्रम सम्झौता पत्र नआएर २०२० नोभेम्बेर १ देखि रोस्टर अवधि सकिएकालाई पुनः ६ महिना अवधि थपिएको हो ।

## निषेध र...

डा. फणि पाठकद्वारा जारी पूर्वराजाको सन्देशमा भनिएको छ । उनले प्रजातन्त्रको सिद्धान्तअनुरूप मुलुकमा प्रजातान्त्रिक विधि-व्यवहार अघि बढोस् भन्ने चाहना पनि व्यक्त गरेका छन् । उनले सबैले मातृभूमिको पवित्र माटो छातीमा राखेर आत्मसमीक्षा गर्नुपर्ने वेला आएकोसमेत सन्देशमा उल्लेख गरेका छन् । प्रजातन्त्र प्राप्तिको ७० वर्षपछि अहिले पनि प्रजातन्त्रकै विषयमा विवाद, द्वन्द्व र बहस भइरहेकोमा असन्तुष्टि व्यक्त गर्दै नले भनेका छन्, 'जनताको आस्था, चाहना र जनभावना अन्ततः अमर रहन्छ र यसलाई मेट्न खोजेर, बटारेर त्यो मेटिँदैन बटारिन्न ।'

## भ्रष्टाचारका...

दिएको थियो । २०४३ असारदेखि २०४४ फागुनसम्म वनमन्त्री छँदा उनले ठूलो घोटाला गरेको प्रमाणित भयो । पञ्चायतकालमा गलैंचा काण्ड निकै चर्चित रह्यो । डा. तुलसी गिरी, भेषबहादुर थापा, कुलशेखर शर्मा, पिताम्बरध्वज खाती, डा. हर्क गुरुङ, नरकान्त अधिकारी, ईश्वरीलाल श्रेष्ठ, गणेशबहादुर थापा, निधेन्द्रध्वज शर्मालगायतका ९१ जनाविरुद्ध मुद्दा चलाइएको थियो । तर २०३७ साल पुस २३ गते अख्तियारको फैसलालाई पुनरावेदन अदालतले बदर गरिदियो । भ्रष्टाचारी ठहरिएका भेषबहादुर थापा राजदूत बनेर अमेरिका गए ।

जनमतसंग्रहमा पञ्चायती व्यवस्थालाई जिताउन सूर्यबहादुर थापाले प्रधानमन्त्रीको हैसियतले ठूलो भ्रष्टाचार गरे । करोडौंको जंगल फँडानी गरियो । सर्पको छालादेखि लिएर दुर्लभ वन्यजन्तु र जडीबुटीको तस्करी भयो र हजारौं माइलसम्म फैलिएका जंगलहरू विनाश भए । पञ्चायतलाई चन्दा उठाउने उद्देश्यले विभिन्न व्यापारी र तस्करहरूलाई करोडौं राजस्व मिनाहा गरेर लाइसेन्स दिन थालियो । तत्कालीन पत्रपत्रिकाहरूले यसको व्याख्या गर्दै पञ्चायतमा मौलाएको भ्रष्टाचारले संस्थागत रूप लिएको जनाएका थिए ।

पञ्चायतकालदेखि नै चतुर मानिने कुख्यात भ्रष्टाचारी सूर्यबहादुर थापा पटकपटक गरेर झन्डै १६ वर्ष नेपालको प्रधानमन्त्री भए । नेपालीसँग चर्किने र भारतीयहरूसँग थर्किने बानी परेका थापाले भ्रष्टाचारलाई संस्थागत गराएको कुरा २०३६ सालदेखि नै देखिएको हो । पञ्चायतकालमा दीपक बोहोरा, रमेशनाथ पाण्डे, रविन्द्रनाथ शर्मा, विष्णु मादेनलगायतका धेरै व्यक्तिले सरकारी सम्पत्तिमा ठूलो मोज गरे । २०४६ सालको अन्त्यतिर पत्रकारहरूलाई बाँड्न रमेशनाथ पाण्डेले सरकारबाट ३५ लाख रूपैयाँ लिएर आफैंले चप्काइदिए ।

२०४६ सालपछि भ्रष्टाचार सयौं गुणा मौलायो । उदाहरणका लागि गिरिजाप्रसाद कोइराला, चिरञ्जीवी वाग्ले, विजयकुमार गच्छदार, गिरिजाप्रसाद कोइराला, गोविन्दराज जोशी, शेरबहादुर देउवा, गोपालमान श्रेष्ठ, पूर्णबहादुर खड्का, सुजाता कोइराला, खुमबहादुर खड्का, भरतमोहन अधिकारी, प्रदीप नेपाल, भीम रावल, माधवकुमार नेपाल, झलनाथ खनाल, केपी शर्मा ओली, वामदेव गौतमलगायतका दर्जनौं नेताका अकुत सम्पत्तिलाई हेरे पुग्छ । गोर्खा बुङकोटमा ६ रोपनी बारी र ५९ रोपनी खेत तथा नगद ९० हजा रूपैयाँ र ९ तोला सुन सम्पत्ति भएको विवरण दिने तत्कालीन मन्त्री चिरञ्जीवी वाग्लेले केही वर्षमै करोडौंको सम्पत्ति कमाए । उनको पैतृक सम्पत्ति विवरण २०४८ भदौ २० गते गोरखापत्रमा छापिएको थियो । तर २०५९ पुस १ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगले वाग्लेको सम्पत्ति ३ करोड ९६ लाख ५५ हजार ५ सय ४९ रूपैयाँ देखिएको ठहर गर्‍यो । सुरुमा जुत्तासमेत लगाउन नसक्ने नेताहरू केही वर्षमै अरबौं सम्पत्तिका मालिक भए । यो त एउटा उदाहरण मात्र हो ।

सम्पत्ति विवरण सार्वजनिक गर्ने चलन फेसनका रूपमा आए पनि त्यसलाई अधिकांशले पालना गरेनन् । २०५२/५३ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि उनको क्याबिनेटमा मन्त्री भएका मोतीप्रसाद पहाडी, राजीव पराजुली, चीनकाजी श्रेष्ठ, गोपालजीजंग शाह, दीपक बाँस्कोटा, पाल्तेन गुरुङ, भक्तबहादुर रोकाय, रामचन्द्र कुशबाहा, सुरेशचन्द्रदास यादव र नरेशबहादुर चन्दलगायत कसैले पनि सम्पत्ति विवरण बुझाएनन् । त्यसपछि राप्रपा र एमालेको संयुक्त सरकार बन्यो । प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, रविन्द्रनाथ शर्मा, झलनाथ खनाल, प्रेमबहादुर सिंह, विद्या भण्डारी, रामेश्वरराय यादव, सर्वेन्द्रनाथ शुक्ला, भरतकुमार प्रधान, राजीव पराजुली, महेश चौधरी, भोजराज जोशी र खोभारीराय यादव कसैले पनि सम्पत्ति विवरण बुझाएनन् । मन्त्री, सांसद मात्र होइन हरेक दलका प्रमुख नेताहरू अकुत सम्पत्तिका मालिक बने । उनीहरूका निकटतम व्यक्तिहरू गैरसरकारी संस्था खोलेर विदेशी दातृ निकायको चाकरी गर्दै करोडौं रूपैयाँ कमाइरहेका छन् । देशको अवस्था आज पनि सुध्रिन सकेको छैन । गणतन्त्र आएपछि त झन् हजार खुन माफ भएको छ र जसले जे गरे पनि भइरहेकै छ ।

रौतहटको गौर नगरपालिका क्षेत्रमा एउटा सानो झिँगटीको घर भएका माधवकुमार नेपाल खुला राजनीतिमा प्रवेश गरेको केही वर्षमै करोडौंका मालिक भए । उनको अहिले काठमाडौं, रौतहट, वीरगन्जलगायतका ठाउँहरूमा करोडौंको जग्गाजमिन, महल र बैंकमा लाखौं रूपैयाँ हुनुका साथै लाखौं रूपैयाँ बराबरको शेयर रहेको सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

अकुत सम्पत्ति कमाएर भ्रष्टाचार गरेको अभियोगमा खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले, जयप्रकाशप्रसाद गुप्ता आदि मात्र होइन उनीहरूका नातागोतालाई समेत अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कारबाही अघि बढाए पनि टुंगोमा पुग्न सकेन । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले करोडौं रूपैयाँको भ्रष्टाचार गरे पनि अख्तियारले उनलाई कारबाही गर्न सकेन । खुमबहादुर खड्काले २०५७ सालमा जलस्रोत मन्त्री छँदा बक्राहा नदी नियन्त्रणका लागि छुट्याइएको ४ करोड ५ लाख ९० हजार ५ सय ९१ रूपैयाँ भ्रष्टाचार गरेको कुरा अख्तियारले ठहर गरे पनि उनीमाथि कारबाही हुन सकेन । बरु उल्टै कांग्रेसका कार्यकर्ताहरूले खुमबहादुर जिन्दावाद भन्दै अख्तियारमा गएर नारा लगाए ।

(क्रमशः)